देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ : सञ्चारमन्त्री खरेल | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १३६ • २०८२ साल आश्विन २३ गते बिहीबार (9 October, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## पूर्वमन्त्री गुप्ता सहित ७ जनामाथि मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु । पोखराको लिची बगान जग्गा घोटाला काण्डमा दुईजना पूर्वमन्त्री राजकुमार गुप्ता र रञ्जिता श्रेष्ठसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार एमाले नेतासमेत रहेका पूर्वमन्त्री गुप्ता र नाउपाका अध्यक्षसमेत रहेका पूर्वमन्त्री श्रेष्ठसहित ७ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । उनीहरूविरुद्ध ७८ लाख रुपैयाँ बिगो माग दाबी गरिएको अख्तियारले जनाएको छ ।

त्यस्तै मालपोत कार्यालय, कास्की पोखराका तत्कालीन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारी, बिचौलिया सुजन लामा, खेम पुन, यामकुमारी गुरुङ र तुल्सीराम बुढा मगरलाई समेत प्रतिवादी बनाइएको छ । खेम पुनसँग २५ लाख बिगो मागदाबी गरिएको छ भने अन्य ६ जनासँग ७८/७८ लाख रुपैयाँ बिगो माग गरिएको जनाइएको छ ।

जग्गा हिनामिना गर्ने योजनामा भएको घूस डिल प्रकरणमा पूर्वमन्त्रीद्वय र बिचौलियासहितका व्यक्तिको अडियो सार्वजनिक भएपछि यो प्रकरणमा मुद्दा अघि बढेको थियो । यही प्रकरणमा अर्का पूर्वमन्त्री एवं एमाले नेता बलराम अधिकारीविरुद्ध पूरक अनुसन्धान जारी रहेको बताइएको छ ।

### मधेश प्रदेशमा सरकार बनाउन तीन दलको दाबी पेश

# नेतृत्व ताक्दा लोसपा गठबन्धनबाटै आउट, दाबी पत्रमा त्रुटि

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सरकार गठनका लागि नेपाली कांग्रेसले बहुमत सभासदको हस्ताक्षर सहितको दाबी बुधवार पेश गरेको छ ।

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको कार्यालयमा नेकपा एमाले र जनमत पार्टीको समर्थन सहितको पत्र नेकाँ संसदीय दलका नेता कृष्णा यादवले दर्ता गराएका छन् ।

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम २ वा २ भन्दा बढी दलको भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त सरकारका लागि प्रदेश प्रमुखबाट असोज २२ गते आह्वानको सूचना भएकोले सोही सुचना बमोजिम नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई मुख्यमन्त्री नियुक्त गर्न दाबी प्रस्तुत गरिएको छ ।

कांग्रेस संसदीय दलका नेता कृष्णाप्रसाद यादव, एमाले संसदीय दलका नेता सरोज कुमार यादव र जनमत संसदीय दलका नेता महेशप्रसाद यादवको हस्ताक्षर सहितको पत्र दर्ता भएसँगै कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने मार्ग प्रशस्त भएको छ ।

नयाँ सरकार गठनका लागि पेश गरिएको दाबीमा माथि नेका, एमाले र जनमतको ५८ जना संख्या उल्लेख भए पनि बीचमा सभासदहरुको संख्यामा लोसपाको ८ जना समेत समावेश गरी ६६ जना सभासदको समर्थन रहेको उल्लेख गरिएको छ ।



लोसपा समेतको चार दलीय गठबन्धनबाट सरकार बनाउन दलहरुबीच भएको सहमति अनुसार विगतमा नै तयार गरिएको पत्र बुधबार दर्ता गराउँदा कयौं त्रुटिहरु देखिएका छन् । प्रदेश प्रमुख भण्डारी प्रदेश बाहिर रहेको र उनले सरकार गठनका लागि दाबी पेश गर्न आह्वान समेत नगरेको अवस्थामा तीन दलीय गठबन्धनले दावी पेश गरेको पत्रमा सो उल्लेख रहेको छ ।

प्रदेश प्रमुखका सल्लाहकार टीकाराम उप्रेतीले जनाए अनुसार तीन दलले दाबी पेश गरे पनि त्यो दर्ता नभएको बताएका छन् । 'दलका नेताहरुले दाबी पेश गरेको पत्र बुझाएका छन् ' उनले भने, प्रदेश प्रमुखले सरकार गठनको लागि दलहरुलाई दाबी पेश गर्न आह्वान गर्नु भएको छैन ।

मुख्यमन्त्री सिंहले विश्वासको मत लिन २४ गते नै संसद आह्वान गर्न प्रदेश सभालाई पत्राचार गर्नुपर्छ । त्यसो नगरे उनी स्वतः पदमुक्त हुने कानुनी प्रावधान छ ।

मधेश प्रदेश सभामा कुल १ सय ७ जना सभासद रहेका छन् । त्यस मध्ये सरकार गठनका लागि ५४ जना अनिवार्य चाहिन्छ । कांग्रेसको २२, एमालेको २३ र जनमत पार्टीको १३ जनागरि ५८ जनाको समर्थन कांग्रेसको पक्षमा रहेको छ ।

मुख्यमन्त्रीमा सहमति जुटे पनि मन्त्रालय बाँडफाँटको विषयमा छलफल हुन बाँकी रहेको जनमत पार्टी संसदीय दलका नेता महेशप्रसाद यादवले जनाएका छन् । उनले कांग्रेसले मुख्यमन्त्री पाएपछि थप दुई मन्त्रालय, एमाले र जनमतले चार-चार मन्त्रालय पाउनुपर्नेमा जोड दिए ।

लोसपाबाट आउने एउटा मन्त्रालयमा जनमतले दाबी गरेको छ । एमालेले पुरानै मन्त्रालयमा रहने जनाएको छ ।

स्रोतहरुका अनुसार एमालेबाट दलका नेता सरोज कुमार यादवले नेतृत्व गर्ने र भौतिक पूर्वाधार विकास मन्त्रालय उनले लिने निश्चित भइसकेको छ । अन्य तीन जना मन्त्री फेरिने छ ।

कांग्रेसले पाउने मन्त्रालयमा सबै नयाँ मन्त्री रहने स्रोतको दाबी छ । सिंह नेतृत्वको सरकारमा रहेकाहरुलाई नदोहोऱ्याउन दलमा चर्को दबाब छ ।

जनमत पार्टीका सभासद सतीश कुमार सिंहको नेतृत्वमा रहेको सरकारमा कांग्रेसले ४, एमालेले ४, जनमत पार्टीले मुख्यमन्त्री सहित ३ र लोकतान्त्रिक पार्टी समाजवादी पार्टी(लोसपा) को भागमा १ मन्त्रालय रहेको थियो ।

यस अघि मधेश प्रदेशमा चार दलीय गठबन्धनको सरकार थियो । तर लोसपाले सरकारको नेतृत्वमा दाबी गरेसँगै कांग्रेस र एमालेले गठबन्धनबाट नै उसलाई हटाएको छ । लोसपाका अध्यक्ष महन्थ ठाकुरले प्रदेश सरकारको नेतृत्व आफ्नो दलले पाउनु पर्ने दाबी गर्दै मंगलबार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा लगायतका नेताहरुसित छलफल गरेका थिए ।

प्रदेशका मुख्यमन्त्रीलाई एमालेले दिएको समर्थन बुधबार फिर्ता लिएको छ । मन्त्रिपरिषदको बैठकमै एमालेका मन्त्रीहरुले राजीनामा दिँदै बाहिरिएका थिए । मुख्यमन्त्री सतीश कुमार सिंहले एमालेलाई समर्थन फिर्ता नलिन आग्रह गर्दै बुधबार मन्त्रिपरिषद् बैठकपछि राजीनामा दिने वचन दिएको स्रोतले जनाएका छन् ।

तर मुख्यमन्त्री सिंहले पटकपटक राजीनामा दिने समय सार्न थालेपछि एमाले सरकारबाट बाहिरिँदै समर्थन समेत फिर्ता लिएको थियो ।

प्रदेशका मुख्यमन्त्री सिंहलाई अब लोसपाको ८ जना सभासदको समर्थन मात्र रहेको छ । तर उनले २६ गतेसम्म राजीनामा नदिने 'मुड'मा रहेको उनका एकजना सहयोगीले बताएका छन् । तर स्रोतहरुका अनुसार सिंहले बिहिबार राजीनामा गर्ने वचन एमालेका सभासदहरुलाई दिएका छन् ।

मुख्यमन्त्री सिंहले जिन- जी आन्दोलनको क्रममा गत भदौं २४ गते फेसबुकबाट राजीनामा घोषणा गरेका थिए । तर अवस्था सहज भएपछि उनले पछाडि राजीनामा नदिने अडान लिँदै सदनमा फेस गर्ने बताएका थिए ।

संसदीय दलको निर्णयलाई समेत सिंहले बेवास्ता गरेपछि गत भदौं २८ गते उनले आफ्ना मुख्यमन्त्री मन्त्री सहित फिर्ता बोलाएको र सरकारबाट समर्थन फिर्ता लिएको पत्र सभामुख रामचन्द्र मण्डललाई बुझाएको थियो ।







# दुर्घटनामा परी दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमापास्थित भारतको विहार राज्य सोनवर्षा बजारमा बुधबार दिउँसो टिप्परमा मोटरसाइकल ठोक्किँदा सर्लाहीका एक युवकसहित दुई जनाको ज्यान गएको छ।



दुर्घटनामा मलंगवा नगरपालिका-१० का दीपेन्द्र राउतका छोरा १९ वर्षीय अजय राउत र अजयकै आफन्त भारत खुरसाहा बस्ने १९ वर्षीय सचिन राउतको मृत्यु भएको जनाइएको छ।

सोनवर्षा बजारमा राउतद्वय सवार मधेश प्रदेश ०२-००८ प. ९९४२ नम्बरको मोटरसाइकल बिआर ०८ जिबी ६७१५ नम्बरको टिप्परमा गएर ठोक्किँदा दुवैको घटनास्थलमै मृत्यु भएको भारतीय प्रहरीले जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई जनाएको छ।

चालक र टिप्पर सोनवर्षा थानामा भारतीय प्रहरीको नियन्त्रणमा रहेको जनाइएको छ। मृतक एक जना नेपाली युवक रहे पनि घटना भारतीय भूमिमा भएकोले आवश्यक कानुनी प्रक्रिया, पोष्टमार्टम लगायत सबै प्रक्रिया भारतमै हुने जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारीसमेत रहेका डिएसपी सरोज राईले बताए।

# सामान्य विवादले ठूलो रुप लिँदा दलित बस्तीमा तोडफोड र लुटपाट

सिरहा। यही असोज १ गते विश्वकर्मा पूजाका क्रममा भएको एउटा विवादले ठूलो रुप लिँदा कल्याणपुर नगरपालिका-८ स्थित अरङ गाउँको ठूलोपोखरी डिलमा पाँच दलित परिवार समस्यामा परेका छन्। विश्वकर्मा पूजामा गाउँमा आर्केस्ट्रा ल्याइएको थियो। आर्केष्ट्रामा नाचगान गर्ने क्रममा भएको सामान्य विवादपछि दलित परिवारका घरमा तोडफोड तथा लुटपाट भएको छ।



पीडितका अनुसार नाचगानका क्रममा केहीले मदिरा पनि सेवन गरेका थिए। यसैक्रममा केही दलित युवा र स्थानीय प्रभाषसिंह राजपुतबीच भनाभन भयो। सुरुमा सामान्य लागेको विवाद यत्तिकै सुल्झिएन। दलित परिवारमा बस्तीबाट उठाइदिने धम्की समेत आयो। धम्की आएपछि दलित परिवार सुरक्षा माग गर्दै इलाका प्रहरी कार्यालय, कल्याणपुर पुगेका थिए।

प्रहरीले विवाद समाधान गर्न यही असोज १२ मा छलफल राखेको थियो। तर त्यस दिन छलफल नभएपछि अर्को छलफल असोज २१ गतेका लागि तोकिएको थियो। उक्त छलफल हुनुअघि अर्थात् असोज १७ गते शुक्रबार दिउँसो करिब २ बजेतिर २०/२५ जनाको समूहले दलित बस्ती तहसनहस पाऱ्यो।

उक्त समूहले पाँचवटा दलितका घरमा तोडफोड र लुटपाट गरेको पीडित सोभित पासमानले बताउनुभयो। "तोडफोड र लुटपाटको समयमा इलाका प्रहरी कार्यालय कल्याणपुरका केही प्रहरी घटनास्थलमै थिए, तर कसैले केही बोलेन। उनीहरुले रोक्ने प्रयास पनि गरेनन्, यसले हामीलाई थप भयभित बनायो", उहाँले भन्नुभयो।

पीडितहरूका अनुसार, अशोक पासमानको घरबाट चार आना सुन र ३० तोला चाँदीका गहना, राजकुमार पासमानको घरबाट खाद्यान्न, रासलाल पासमानको घरबाट खाद्यान्नका साथै चार आना सुन, १० तोला चाँदीका गहना र रु १८ हजार र बिन्दे पासमानको घरबाट २० तोला चाँदी, दुई आना सुन र रु तीन हजार लुटिएको छ।

त्यस्तै, खाना पकाउने भाँडा, लत्ताकपडादेखि बगैंचाबाट आँप, अम्बा, केरा र कागतीका बोटमा पनि क्षति पुऱ्याइएको छ। पीडित राजकुमार पासमानका अनुसार पाँचवटा परिवारका ३० जनाको परिवार अहिले अलपत्र अवस्थामा छ।

घटना भएको भोलिपल्ट प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी र जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्मा बस्तीमा पुग्नुभएको थियो। उहाँहरुले स्थलगत अनुगमनपछि पीडित परिवारलाई त्रिपाल, कम्बल र झुल वितरण गर्नुभएको थियो।

**१३ जनाविरुद्ध जाहेरी**

बस्तीमा भएको तोडफोड र लुटपाट प्रकरणमा वडाध्यक्ष रामकिशोर यादवसहित १३ जनाविरुद्ध किटानी जाहेरी परेको छ। पीडितहरूले इलाका प्रहरी कार्यालय मिर्चैयामा सोमबार आपराधिक उपद्रवसम्बन्धी जाहेरी दिएका हुन्। उनीहरूले वडाध्यक्ष यादव, प्रभास सिंह, कलास सिंह, रामनारायण सिंह, मुस्तफा राइन, गणेश कामतीलगायतका व्यक्तिविरुद्ध तोडफोड, लुटपाट र दुरुत्साहनको आरोप लगाएका छन्।

**वडाध्यक्षसहति तीन जना पक्राउ**

प्रहरीले वडाध्यक्ष यादवलाई भिडलाई उक्साएको आरोपमा नियन्त्रणमा लिएको छ। यादवलाई गत शनिबार नै इलाका प्रहरी कार्यालय, मिर्चैयाबाट पक्राउ गरी हिरासतमा राखिएको हो। इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीले जाहेरीमा समेत नाम उल्लेख रहेका वडाध्यक्ष यादवसहित कामती र कलासलाई पक्राउ गरिसकेको र अन्यको खोजतलास र अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

**पीडित परिवारलाई नगरपालिकाको राहत**

पीडित परिवारलाई नगरपालिकाले सोमबार राहत सामग्री प्रदान गरेको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवका अनुसार, प्रतिपरिवार २५ किलो चामल, पाँच किलोका दरले दाल, चिउरा, मुरही, सोयाबिन, आलु, प्याज, आटालगायतका सामग्री उपलब्ध गराइएको छ।

पीडित परिवारको आवासका लागि समेत पहल भइरहेको जानकारी दिँदै कार्यबाहक नगर प्रमुख रेखादेवी यादवले भन्नुभयो, "उहाँहरूलाई तत्कालका लागि राहत दिएका छौं, आवासको व्यवस्थापनबारे नगरपालिकामा छलफल भइरहेको छ।"रासस

# जलेश्वरमा एकजना बालकको मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको सदरमुकाम जलेश्वरमा बाढीको



पानीमा डुबेर ११ वर्षीय बालकको मृत्यु भएको छ। जलेश्वरमा बुधबार दिउँसो नुहाउन गएका बालकको बाढीको पानीमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले बताए।

जलेश्वर नगरपालिका- ६ का ११ वर्षीय सलमान साफीको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ। दिउँसो १ बजे डुबेको खबर आएपछि पानीमा बालकलाई खोज्न प्रहरी परिचलान भएको थियो।

महोत्तरी प्रहरीले मृत अवस्थामा बालकलाई फेला पारेपछि शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वरमा पठाएको छ। महोत्तरीको रातु नदीले बाँध बगाएर पानी जलेश्वर प्रवेश गरेपछि खाल्डाहरूमा पानी जमेको छ।

## मनसुन क्रमशः कमजोर हुँदै

काठमाण्डु। जल तथा मौसम विज्ञान विभागले बुधबार लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका अधिकांश तथा गण्डकी प्रदेशका पश्चिमी भागका केही स्थानमा पश्चिमी वायुको प्रभाव तथा बाँकी भेगमा मनसुनी एवं स्थानीय वायुको कमजोर प्रभाव रहेको जनाएको छ।

बुधबार दिउँसो कोशी , कर्णाली र सुदुरपश्चिम प्रदेशलगायत देशका पहाडी भागमा साधारणतया बदली तथा तराईमा आंशिक बदली हुने छ। कोशी, कर्णाली र सुदुरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ।

त्यसैगरी, बुधबार राति कोशी र मधेस प्रदेशलगायत देशका पहाडी भागमा आंशिक बदली रही बाँकी क्षेत्रमा मुख्यतया मौसम सफा रहने छ। कोशी, मधेस वाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको विभागले बुधबार बिहान जारी गरेको दैनिक मौसम बुलेटिनमा उल्लेख छ।रासस

# लहान नगरपालिकाद्वारा आँखाका रोगीको निःशुल्क उपचार

लहान । यहाँको लहान नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँगको सहकार्यमा पछिल्लो तीन वर्षयता आँखासम्बन्धी समस्या भएका नगरबासीको निशुल्क उपचार गर्दै आएको छ।

पछिल्लो तीन आर्थिक वर्षमा मात्र १५ हजार आँखाका रोगीको निःशुल्क उपचार गरेको नगरपालिकाले जनाएको छ। तीमध्ये दुई हजार जनाको मोतियाविन्दुको शल्यक्रिया गरिएको छ।



लहान-१५ ढोड्नामा आज सञ्चालन गरिएको निःशुल्क आँखा जाँच शिविरको उद्घाटन गर्दै नगरप्रमुख महेश प्रसाद चौधरीले भन्नुभयो, "कोही पनि नगरवासी आर्थिक अभावमा आँखाको समस्याबाट पीडित नहुन् भनेर हामीले यो कार्यक्रमलाई निरन्तरता दिएका छौं। यसमा लागेको सम्पूर्ण खर्च नगरले बेहोर्ने छ। यस वर्ष पनि वडा नम्बर १५ बाट सुरुआत भइसकेको छ र नगरका २४ वटै वडामा शिविर सञ्चालन गरिनेछ।"

कार्यक्रममा सगरमाथा चौधरी आँखा अस्पतालका अध्यक्ष रवीन्द्रलाल चौधरीले 'तमसो मा ज्योतिर्गमय' भन्ने नारासहित अस्पतालले हरेक वर्ष करिब २५ लाख आँखाका बिरामीको उपचार गरिरहेको जानकारी दिनुभयो।

उहाँले विभिन्न स्थानीय तहसँगको सहकार्यमा अस्पतालले दक्ष जनशक्ति र प्रविधिसहित आँखा जाँच शिविरलाई निरन्तरता दिइरहेको बताउनुभयो।त्यसैगरीअस्पतालका प्रशासन प्रमुख अभिषेक रोशनले हालका दिनमा वृद्धि भएको मधुमेहका कारण आँखाका रोग विकराल बन्दै गएकाले हरेक छ महिनामा आँखाको जाँच गराउन आग्रह गर्नुभयो। स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीले समयमै आँखाको जाँच गरिए अन्धोपनबाट बच्न सकिने भएकाले सचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो।रासस

# राष्ट्रिय परिचयपत्र बनाउने समय परिवर्तन

**टुडे समाचारदाता**

सिराहा। राष्ट्रिय परिचयपत्र बनाउने समय जिल्ला प्रशासन कार्यालय सिराहाले परिवर्तन गरेको जनाएको छ। जिप्रका सिराहाले एक सूचना सार्वजनिक गरे अनुसार सेवाग्राहीको प्रशासन कार्यालय सिराहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए।

उनले अहिले दुई सय ५० देखि तीन सय जनाले राष्ट्रिय परिचयपत्र बनाउने गरेका छन्। यो पहिलेको तुलनामा दोब्बर भएको बताए।




अत्यधिक भीडका कारण आजदेखि राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा बिहान ७ बजेबाट नै सुरु गरिएको छ।

दशैं मनाउन घर आएकाहरूले परिचयपत्र बनाउँदा कार्यालयमा चाप बढेको छ। सेवाग्राहीको चाप बढेकाले सेवाको समय अगाडि सारिएको जिल्ला

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी बरालले जारी गरेको सूचनामा अर्को सूचना प्रकाशित नभएसम्मका लागि यही समय तालिका लागू हुने उल्लेख गरिएको छ। कार्यालयले सेवाग्राहीलाई समयमै उपस्थित भइ आवश्यक सेवा लिन आग्रह समेत गरेको छ।

# यात्रुबाहक बस दुर्घटना, ठूलो मानवीय क्षति हुनबाट जोगियो



**टुडे समाचारदाता**

रौतहट । रौतहटको सदरमुकाम गौर-चन्द्रपुर सडक खण्ड अन्तर्गत पर्ने गौर नगरपालिका-६ स्थित सपगढा लचकामा यात्रुबाहक बस दुर्घटना भएको छ। दुर्घटना हुँदा बस खाल्डोमा नगएर ठूलो मानवीय क्षति हुनबाट जोगिएको छ।

गौरबाट चन्द्रपुरतर्फ जाँदै गरेको ना.४ ख.५३१८ नम्बरको यात्रुबाहक बस बुधवार बिहान करिब सवा १०बजे अनियन्त्रित भई सडकछेउको खाल्टोमा कोल्टो परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

हालैको अविरल वर्षाका कारण बाढीको पानीको तीव्र बहाव रहेकाले बस खाल्टोमा कोल्टिएको भए पनि कुनै मानवीय क्षति भएको छैन। दुर्घटनापछि स्थानीय बासिन्दाले तत्कालै उद्धार कार्य शुरु गरी सबै यात्रुहरुलाई सकुशल बाहिर निकाल्न सफल भएको प्रहरीले जानकारी दिएको छ।

प्रहरीले बसलाई उठाएर यातायात सञ्चालन सहज बनाउन आवश्यक प्रक्रिया अगाडि बढाएको बताएको छ।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | राम्रो धन आर्जन गर्न सकिने समय छ। |
| वृष : | प्रतिस्पर्धी संग सतर्क रहनु राम्रो हुन्छ। |
| मिथुन : | हिम्मतले काम बनाउन सकिने छ। इर्ष्या गर्नेहरुको मनोबल कमजोर हुनेछ। |
| कर्कट : | समय र नियमलाई बेवास्ता गर्दा चुनौती आइ लाग्ने छन्। |
| सिंह : | लगनशील बन्दा पछि फाइदा हुने काम प्रारम्भ हुन सक्छ। |
| कन्या : | प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। |
| तुला : | सानातिना काममा महत्वपूर्ण समय बित्न सक्छ। |
| वृश्चिक : | नयाँ काममा हात हाल्नु हानिकारक हुनेछ। |
| धनु : | विविध चुनौती र तनाव आइलाग्न सक्छन्। |
| मकर : | प्रयत्न गर्दा पनि कामबाट फाइदा उठाउन सकिंदैन। |
| कुम्भ: | नयाँ ज्ञान सिक्ने मौका छ, तर समय निकाल्न सकिदैन। |
| मीन : | व्यापार-व्यवसायमा लगनशील भएमा मात्र लाभ पाउन सकिने छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दोदा नदी किनारामा  अठन्नीको रुखमा बसेको आसकोटे बकुल्ला । कक्षभूमि र सिमसार, नदी किनारामा बस्न रुचाउने यस प्रजातीको बकुल्ला  समुन्द्र सतह देखि एक हजार ५२५ मिटर सम्मको उचाइमा पाईन्छ ।
*तस्बिर : रासस*

# कोशी अस्पतालमा ‘जेनजी क्लिनिक’ सञ्चालन




विराटनगर। यहाँस्थित कोशी अस्पतालमा जेनजी क्लिनिक सञ्चालनमा आएको छ। गत भदौ २३ र २४ को जेनजी प्रदर्शनका क्रममा भएका घाइतेहरूलाई शीघ्र स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले क्लिनिक सञ्चालनमा ल्याइएको हो।

संघीय गृह मन्त्रालयको पहल र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निर्देशनअनुसार अस्पतालले उक्त क्लिनिक सञ्चालनका ल्याएको अस्पतालकी प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा रुणा झाले जानकारी दिनुभयो।

उहाँले क्लिनिकमा जेनजी प्रदर्शनका क्रममा घाइते भएकाको लागि छिटो स्वास्थ्य सेवा उपलब्ध गराउने समन्वयात्मक प्रणाली भएको बताउनुभयो। परिचयपत्र प्राप्त गरेका घाइते अस्पतालमा आएपछि उनीहरूलाई जेनजी क्लिनिकमार्फत सेवा प्रदान गरिने जनाइएको छ।

क्लिनिक सञ्चालनका लागि अस्पतालले पाँच सदस्यीय समिति गठन गरेको छ। समितिको संयोजकमा अर्थोपेडिक विभाग प्रमुख डा महेन्द्रप्रसाद महतो सहित मेडिसिन विभाग प्रमुख डा सुनिलबाबु खनाल, सर्जिकल विभागका मेडिकल अधिकृत डा क्षितिज गिरी, अ.न.नि. तथा ओपिडी इञ्चार्ज नविता शर्मा र सिअहेव अधिकृत (सम्पर्क व्यक्ति) कामेश्वर परिहस्त सदस्य सचिवका रूपमा रहेका छन्।

उक्त समितिमार्फत अस्पतालमा आउने घाइते बिरामीहरूको छिटो उपचारका लागि समन्वय, व्यवस्थापन तथा आवश्यक सुविधा उपलब्ध गराउने काम गरिने अस्पतालले जनाएको छ। समितिले अस्पतालका विभिन्न विभागसँग मिलेर बिरामीहरूको उपचार प्रक्रिया सहज र छरितो बनाउन आवश्यक योजना तयार पार्नेछ।

मेसु डा झाले भन्नुभयो ,“यो हाम्रो नियमित अस्पताल सेवामा जोडिएको एउटा समन्वयात्मक प्रणाली हो, जसले जेनजी आन्दोलनका घाइतेहरूलाई सम्मानका साथ छिटो उपचार दिलाउन मद्दत गर्नेछ। ” स्वास्थ्य मन्त्रालयको पत्राचारपछि देशभरका प्रमुख अस्पतालहरूमा यस्तो व्यवस्था सुरु गरिएको हो।रासस

# अझै ४५ जना बालबन्दी फरार



नेपालगञ्ज। बाँकेको बैजनाथ गाउँपालिकास्थित नौबस्ता बाल सुधारगृहबाट भागेका ७८ जना बालबन्दीमध्ये अझै ४५ बालबन्दी अझै फरार रहेका छन्। फरार भएकामध्ये ३३ जनालाई पक्राउ गरिएको नौबस्ता बाल सुधारगृह, बाँकेका प्रमुख श्यामबहादुर रानाले जानकारी दिनुभयो। उहाँले २९ जना बालबन्दी सम्पर्कमा आएको, तीन जना चितवन र एक जना काभ्रेमा पक्राउ गरिएको जानकारीदिँदै फरार भएकालाई पक्राउ गर्न अभिभावकसहित सबै संयन्त्र परिचालन भएको बताउनुभयो।

“केही अभिभावकले सम्पर्कमा छन् पनि भन्नुभएको छ तर सम्पर्कमा आएको देखिएन”, उहाँले भन्नुभयो। फरार भएकाहरु १७ वर्षदेखि २५ वर्षसम्म उमेर समूहका छन्। अहिले नौबस्ता बालसुधार गृहमा १२२ बालबन्दी रहेका छन्। जेनजी प्रदर्शनका क्रममा गत भदौ २४ गते राति प्रहरीसँग भीडन्त गरेर ७८ जना बालबन्दी सो बाल सुधारगृहबाट भागेका थिए।

प्रमुख रानाले खोजीका लागि प्रहरीले नेपाल-भारत नाकादेखि पहाडी जिल्लामा समेत निगरानी बढाएको बताउनुभयो। जिल्ला प्रहरी कार्यालय बाँकेले दसैँमा उनीहरू आफ्नो घरमा जान सक्ने सम्भावना रहेकाले फरार रहेकाको ठेगानामा समेत प्रहरीलाई परिचालन गरिएको जनाएको छ।

नौबस्ता बाल सुधारगृहले फरार भएका बालबन्दीलगायत सबै प्रकारका कैदीबन्दीलाई बाल सुधारगृह र कारागारमा फर्किनका लागि यही असोज २० गतेसम्मको समयसीमा दिइएको भए पनि सो समयसीमा पूरा भइसक्दासम्म फरार बालबन्दी नफर्किएको जनाएको छ।

सो समभित्र बाल सुधार गृहको सम्पर्कमा नआएपछि उनीहरूलाई कारागार ऐन अनुसार कारबाही हुने बताइएको छ। बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले बालबन्दी र फरार थुनुवाको खोजीका लागि सहायक प्रमुख जिल्ला अधिकारी पूर्ण खत्रीको नेतृत्वमा कार्यदल निर्माण भएको जानकारी दिनुभयो।

उहाँले फरार भएकाको खोजीका लागि स्थानीय तहलगायतका स्थानमा पत्राचार भएको उल्लेख गर्दै प्रहरीले पनि आन्तरिक रुपमा खोजतलास गरिरहेको बताउनुभयो। “आजै मात्रै पनि एक जना सम्पर्कमा आएको छ, केही दिनमा उनी कञ्चनपुरबाट आउँदै छन्”, उहाँले भन्नुभयो। रासस

# देशभर कृषि तथा पशुपालनमा क्षतिको विवरण संकलन गरिँदै




काठमाण्डु। कृषि तथा पशुपंछी विकास मन्त्रालयले हालै भएको भारी वर्षाका कारण देशभर कृषि तथा पशुपालनका क्षेत्रमा भएको क्षतिको विवरण सङ्कलन गर्न सुरू गरेको छ। मन्त्रालयले सातै प्रदेशबाट क्षतिको प्रारम्भिक विवरण सङ्कलन गरी केन्द्रमा पठाउन निर्देशन दिएको हो।

बाढीबाट नोक्सान भएको कृषि वस्तुको प्रकार, परिमाण, पशुपंक्षीको नोक्सानी, गोठमा भएको क्षतिको अवस्था तथा व्यावसायिक फार्म, प्रभावित कृषकको अवस्थाबारे विवरण सङ्कलन गरिने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो। मन्त्रालय मातहतका सबै प्रदेशमा रहेका कृषि कार्यालयले सम्बन्धित स्थानीय तहको समन्वय र सहयोगमा क्षतिको तथ्याङ्क सङ्कलन गरिने छ। बाढीका कारण कृषि क्षेत्रमा भएको क्षतिको विवरण सङ्कलनपछि तथ्याङ्कको आधारमा किसानले गरेको योगदानको मूल्याङ्कन गरी सम्बन्धित किसानलाई आवश्यकताअनुसार सहयोग तथा सुविधा उपलब्ध गराइने छ।

मन्त्रालयले किसानले बाली तथा पशु धनमा बिमा गरेको भए त्यसको सहजीकरण मल, बिउ विजन, प्रविधि, प्राविधिक सिपलगायतमा सहयोग उपलब्ध गराउने तथा आवश्यकता भएको स्थानमा क्षतिपूर्ति समेत उपलब्ध गराउने जनाएको छ।

विवरण प्राप्त भएपछि तथ्याङ्कका आधारमा आगामी दिनमा थप सतर्कता तथा जोखिम न्यूनीकरणका उपायसम्बन्धी अध्ययन तथा अनुसन्धान गरी विस्तृत रूपमा योजना निर्माण र कार्यान्वयन गरिने सूचना अधिकारी जोशीले जानकारी दिनुभयो।रासस

## जापानीज इन्सेफ्लाइटिसबाट मृत्यु हुनेको संख्या ६ पुग्यो

चितवन। जिल्लामा जापानीज इन्सेफ्लाइटिसका कारण मृत्यु हुनेको सङ्ख्या छ पुगेको छ। साउनयता हालसम्म उनीहरुको मृत्यु भएको हो।

जनस्वास्थ्य कार्यालयका अनुसार मृत्यु हुनेमा दुई जना भरतपुर महानगरपालिका, एक जना खैरहनी नगरपालिका, दुई जना राप्ती नगरपालिका र एक कालिका नगरपालिकाका रहेका छन्। पछिल्लो पटक खैरहनी वडा नम्बर ४ की महिलाको यो रोगका कारण मृत्यु भएको कार्यालयका किट नियन्त्रक राम केसीले जानकारी दिनुभयो।

जिल्लामा हालसम्म १७ जनामा यो रोगको सङ्क्रमण देखा परेको छ। त्यसमध्ये १० महिला हुन भने सात पुरुष रहेका छन्। उनीहरुमध्ये तीन जना १५ वर्षमुनिका, पाँच जना १५ देखि ६० वर्षभित्रका र नौ जना ६० वर्षमाथिका रहेका छन्। सङ्क्रमितमध्ये १५ जनाले खोप नलगाएको र दुई जनाले खोप लगाएको अवस्था अस्पष्ट रहेको केसीले जानकारी दिनुभयो।

सङ्क्रमितमध्ये सात जना भरतपुरभित्रका रहेका छन्। मृत्यु भएकामध्ये एक ८९ वर्षका, अर्का एक जना ८१ वर्षका र दुई जना ७० वर्षका रहेका छन्। एक जना ३९ वर्षीय र अर्का एक जना ४२ वर्षका रहेको उहाँले जानकारी दिनुभयो। यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो। यो लामखुट्टे घर बाहिर बस्न रुचाउने, घर बाहिर नै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ। यो लामखुट्टेले सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपक्षीलाई टोक्यो भने सर्दछ। धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गरेको कार्यालयका प्रमुख दिनेश रुपाखेतीले जानकारी दिनुभयो।रासस

# स्वच्छ प्रतिस्पर्धामार्फत राजनीतिक निकास खोज्न आयोगको आग्रह




काठमाण्डु। राष्ट्रिय मानवअधिकार आयोगले जनमतमा आधारित स्वच्छ राजनीतिक प्रतिस्पर्धामार्फत राजनीतिक निकासको प्रक्रियामा सहभागी हुन राजनीतिक दल  र समूहलाई आग्रह गरेको छ।

आयोगले सो कार्यमा सघाउन नागरिक समाज, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीलाई अनुरोध गरेको छ। “विभिन्न समूहले आगामी दिनमा गर्ने भनिएका प्रदर्शनलाई मर्यादित र संयमित बनाउन, अरुप्रति लक्षित घृणायुक्त अभिव्यक्ति बन्द गर्न, सामाजिक सद्भाव कायम राख्न र जनमतमा आधारित स्वच्छ राजनीतिक प्रतिस्पर्धामार्फत राजनीतिक निकासको प्रक्रियामा सहभागी हुन आयोग राजनीतिक दल  र समूहलाई आग्रह गर्दछ”, आयोगका प्रवक्ता डा टीकाराम पोखरेलद्वारा आज जारी प्रेस विज्ञप्तिमा भनिएको छ।

आयोगले विकसित परिस्थितिमा शान्ति सुरक्षा र विधिको शासनलाई मजबुत बनाउन सुरक्षा निकायको मनोबल उच्च बनाउँदै धैर्यता र संयमतापूर्वक आवश्यक कदमहरु चाल्न आयोग नेपाल सरकारलाई निर्देशन समेत दिएको छ।

विज्ञप्तिमा भनिएको छ, “हिंसात्मक गतिविधि, अरुप्रति लक्षित नकारात्मक टीकाटिप्पणी र घृणायुक्त अभिव्यक्तिले सामाजिक सद्भाव खल्बलिने र राजनीतिक वातावरण समेत धुमिलहुने हुँदा यसबाट शान्ति सुरक्षा र विधिको शासनमाथि नै प्रतिकूल असर पर्न जान्छ।”

आयोगले सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिको संरक्षण गर्नु, विधिको शासन कायम गर्नु, सामाजिक सद्भाव कायम राख्दै जनमतमा आधारित स्वच्छ राजनीतिक प्रतिस्पर्धामार्फत वर्तमान सङ्क्रमणकालीन अवस्थालाई निकास दिनु राज्यका निकायको दायित्व हुने र त्यस्तो प्रक्रियालाई सघाउनु आमनागरिकको कर्तव्य हुने उल्लेख गरेको छ।रासस

**ईशनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**औंरेया, रौतहट**
**मधेश प्रदेश, नेपाल**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०६२/०६/२२)

यस नगरपालिका कार्यालयको मिति २०८२/०६/२२ गतेको निर्णयानुसार संघीय स्वीकृत O&M तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) बमोजिम प्रतिस्पर्धाको आधारमा रिक्त रहेका पदमा जनशक्ति व्यवस्थापन गर्नु पर्ने भएकोले चालु आर्थिक वर्ष २०८२/०८३ को लागि देहायका पदमा कर्मचारीहरु करार सेवामा पदपूर्ति गर्न योग्यता पुगेको नेपाली नागरीकहरुवाट रु. १००/- (एक सय मात्र) तिरी यस कार्यालयको राजस्व शाखाबाट दरखास्त फाराम प्राप्त गरि सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको स्वास्थ्य शाखामा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**नगरपालिका कार्यात्तम र वडा समेत**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०३/०८२-०८३ | चौथो | अ.न.मी. | ४ | १०००/- |


**विज्ञापन नं. ०३/०८२/०८३ को लागि न्यूनतम शैक्षिक योग्यता** :- अ.न.मी. वा सो सरह तह उत्तीर्ण गरेको। SBA गरेका लाई विशेष प्राथमिकता दिनेछ। काम गरेको कम्तीमा ६ महिनाको अनुभव भएकोलाई ग्राह्यता दिइनेछ।

**छनौटको किसिम** :- प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित परीक्षा तथा अन्तर्वार्ता।

**उमेरको हद** :- दरखास्त दिने मिति सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको तथा यस नगरपालिका कार्यालय अन्तर्गत पूर्व देखि ज्यालादारी वा डोर हाजिरीमा खटेको कर्मचारीको हकमा एक पटकको लागि उमेरको हद म्याद लाग्ने छैन।

- **सम्पूर्ण विज्ञापनमा चाहिने आवश्यक न्युनतम कागजातहरू**:
  १. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी।
  २. न्यूनत्तम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।
  ३. नेपाल नर्सिंग काउन्सिल दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
  ४. हालसाल खिचेको दुबै कान देखिने फोटो ३ प्रति।
  ५. अनुभव भए सो को प्रमाणपत्र प्रतिलिपी।
  ६. विज्ञापन बमोजिमको शुल्क तिरेको नगदी रसिद।
  ७. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।
- **परीक्षा केन्द्र र मिति** :- परीक्षा केन्द्र र मिति यस नगरपालिकाको सूचना पाटी तथा विद्युतीय माध्यमबाट पछि प्रकाशन गरिने छ।
- **पारिश्रमिक तथा सुविधा** :- नगर कार्यपालिकाको निर्णयानुसार।
- **दरखास्त दिने अन्तिम मिति** :- २०८२ असोज २२ गते देखि २०८२ कार्तिक ०५ गते सम्म। (दरखास्त दिने अन्तिम मितिमा कुनै सार्वजनिक बिदा हुन गएमा सो को भोलि पल्ट कार्यालय समयसम्म)
- **दाबी नपुग्ने** :- करार अवधिमा काम गरेको आधारमा पछि कुनै पनि किसिमको पदमा स्थायी वा अस्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाइने छैन।
- **पाठ्यक्रम** :- कार्यविधि अनुसार पाठ्यक्रम तोकिएका पदहरु बाहेक अन्य पदहरुको पाठ्यक्रम लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।
- दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्छ।
- लोक सेवा आयोगको परीक्षामा उत्तीर्ण गरी वैकल्पिक/अस्थायी योग्यताक्रममा परेकालाई विशेष ग्राह्यता दिइनेछ।
- यस नगरपालिकामा चालु आ.व. का दैनिकी ज्यालादारीमा कार्यरत कर्मचारी तथा सम्बन्धित पदमा अनुभव प्रमाण-पत्र प्राप्त गरेको लाई विशेष ग्राह्यता दिइनेछ।
- सूचनामा उल्लेख नभएका अन्य कुराहरू नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पूर्वाग्रहले मुठभेडको खतरा

भदौं २३ र २४ गते भएको जेन- जीको आन्दोलनले देशमा ठूलो राजनीतिक परिवर्तन ल्यायो । अत्यन्त शक्तिशाली रहेको दाबी गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार ३६ घण्टामा नै खस्यो । आन्दोलनको तापमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी पूर्ण रुपमा असफल भयो । राष्ट्रको तीनै निकाय कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा विध्वंश भयो । जनधनको भारी क्षति भयो । आन्दोलनको आँधीबेहरी सृजना गर्ने जेन- जीले सत्ता परिवर्तन गरिसकेपछि ठूलो जिम्मेवारी लिनु परेको छ। जेन- जीले अब पूर्वाग्रही भएर होइन, जिम्मेवार भएर अगाडि बढ्नु पर्नेछ। जेन- जीको एजेण्डालाई सम्बोधन गरिए धेरै विकृतिहरु तत्काल समाधान हुनेछ। आन्दोलन दबाउन बल प्रयोग गर्ने, देशमा भ्रष्टाचार गर्ने, अकुत सम्पत्ति आर्जन गर्ने, अपराधिक क्रियाकलापमा संलग्न रहने, राजनीतिक दलको आडमा अनेक विकृति फैलाउनेहरु उपर कारबाही गर्न अहिले हतार भइसकेको छैन । कानुन सम्मत ढंगले कारबाहीको प्रक्रियालाई अगाडि बढाउनु पर्छ । पहिलो चरणमा अन्तरिम सरकार गठन भयो । अब कार्यकारी प्रमुखको चुनाव गराउने प्रक्रियाका लागि जेन-जीको भूमिका आवश्यक भएको छ। कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचन नभए सम्म जेन- जीले आन्दोलन गरेर हटाउन खोजेको विकृतिहरु हट्न सक्दैन। संविधानमा व्यवस्था नभएको कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचन जेन- जीको प्रमुख एजेण्डा हो । भ्रष्टाचार नियन्त्रण, राष्ट्रको कार्यकारी प्रमुखको प्रत्यक्ष चुनाव, संविधानको पुनर्लेखन लगायतका एजेण्डाहरुलाई कार्यान्वयन गराउन अहिले जेन- जी एकजुट भएर लाग्नु पर्ने बेला हो । अहिले जेन- जीले सरकारमाथि दबाब दिने, सरकारको काम कारबाहीलाई सघाउ पुऱ्याउने, नागरिकमा सकारात्मक सन्देश प्रवाह गरी सचेत गराइ राख्ने कार्यहरु गर्नुपर्छ। जेनजी पूर्वाग्रही भएर कुनै काम गर्न हुँदैन । आन्दोलनपछि अनेक किसिमको विकृतिहरु बढ्ने उच्च जोखिम हुन्छ। देशको तरल अवस्थामा अनेक कुतत्वहरुले आफ्नो स्वार्थ सिद्धि गर्न अनेक प्रकारको उत्पात मच्चाउन सक्छन् । त्यो यहाँ पनि देखिन थालिएको छ। अत्यन्त गम्भीर भएर जेन- जीले जनताको विश्वासलाई कायम राख्नु पर्छ । मुठभेड निम्तिन सक्ने कुनै कामहरुलाई तत्काल जेन- जीले प्राथमिकतामा राख्न हुँदैन । दशकौंदेखि क्रियाशील रहेका राजनीतिक दलहरुलाई सोझै विस्थापित गर्न सहज छैन । संघीय लोकतान्त्रिक गणतन्त्रमा जनमतद्वारा मात्र उनीहरुको शक्तिलाई कमजोर बनाउन सकिन्छ। देशमा विद्यमान कानुनलाई टेकेर गर्न सकिने हदैसम्मको कारबाही गर्न सरकारलाई दबाब दिनु पर्छ। जेन- जीको आन्दोलन दबाउन अथवा देशमा भ्रष्टाचार, कुशासनमा संलग्नहरु मध्ये राजनीतिकर्मी मात्र नभइ कर्मचारी, सुरक्षाकर्मीहरु पनि छन् । उनीहरु सबै कारबाहीको दायरामा आउनु पर्छ। तर जेन- जी अहिले अत्यन्त संयमित भएर अगाडि बढ्नु पर्नेछ। मुठभेड निम्तिन सक्ने कार्यहरुलाई ओझेलमा राख्न उपयुक्त हुनेछ।

# नेपालको दलहरुमा रुपान्तरणको आवश्यकता



डा. राजीव झा

परिवर्तन संसारको नियम हो। समयसँगै जुनसुकै व्यवस्था, व्यक्ति वा संस्था परिमार्जन हुन नसके, इतिहासको पानामा मात्र सीमित हुन्छ। यो सत्यलाई स्वीकार गर्न नचाहे पनि इतिहासका पानाहरूले पुनःपुनः प्रमाणित गरिदिएका छन्।

एक समय विश्व बजारमा राज गरेको नोकिया मोबाइल, राजदूत मोटरसाइकल, एचएमटी घडी वा पानासोनिक रेडियो जस्ता कम्पनीहरू यसैका उदाहरण हुन्। समयानुकूल प्रविधि र बजारसँग मेल नमिलाउँदा, यी कम्पनीहरूले आफ्नो अस्तित्व गुमाए र केवल इतिहासमा मात्र सीमित भए।

नेपालको राजनीतिक इतिहासमा पनि त्यस्तै उदाहरणहरू प्रशस्त छन् । नेपालमा दशकौंसम्म बलियो मानिएको राणा शासन अन्ततः समयको धारा रोक्न नसकेर पतन भयो । राजतन्त्र आफैंलाई शाश्वत ठान्थ्यो, तर जनआन्दोलनको लहरले त्यो पनि समाप्त गरिदियो।

आजका शक्तिशाली नेताहरू पनि यसै बाटोमा छन् । पाँचपटक प्रधानमन्त्री भइसकेका शेरबहादुर देउवा र उनकी पत्नी आरजु रानासमेत बुढेसकालमा अपमान सहन बाध्य भए। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली आफ्नो अहंकार र समयको मागअनुसार आफुलाइ रुपान्तरण गर्न नसक्ने कमजोरीका कारण जनतामाझ लोकप्रियता गुमाउँदै गए।

एकैदिनमा "सर्वशक्तिशाली" ठानिएका नेपाल र बंगलादेशका नेताहरू घर,सवारी साधन,नगद,गरगहना र पावर सबै गुमाएको दृश्य हामीले देखिसकेका छौं। यसैले राजनीतिक दल र नेताहरूलाई पनि इतिहासको यथार्थ बुझ्न जरुरी छ समयअनुसार रुपान्तरण नगर्ने शक्ति टिक्दैन।

नेपालको राजनीतिक इतिहास हेर्ने हो भने देशले पछिल्ला केही दशकमा ठूला र निर्णायक परिवर्तनहरू देखेको छ । राजतन्त्रको अन्त्य हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, संविधानसभाको माध्यमबाट नयाँ संविधानको घोषणा, र संघीय शासन प्रणालीको अभ्यास हुँदै अहिलेको अवस्था आइपुगेको छ। यी परिवर्तनका प्रमुख वाहक बनेका दलहरू – नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी – अहिले आफ्नै आन्तरिक कमजोरीका कारण जनतामाझ आलोचित र अविश्वसनीय बन्दै गएका छन्। त्यसैले आजको नेपालमा यी सबै दलहरूको रुपान्तरण समयको अपरिहार्य माग बनेको छ।

नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो र ऐतिहासिक राजनीतिक दल हो । लोकतन्त्रको स्थापना र संरक्षणमा यसको योगदान असाधारण छ। तर आज कांग्रेसभित्र नेतृत्वमा पुस्तान्तरणको अभाव, आन्तरिक गुटबन्दी, र विचारधारात्मक अस्पष्टता देखिन्छ । पार्टीले "लोकतान्त्रिक समाजवाद" को नारा त दियो, तर व्यवहारमा त्यही नीतिलाई जीवन्त बनाउन असफल भयो। संगठनात्मक संरचना कमजोर हुँदै गएको छ, गाउँस्तरका कार्यकर्ता निष्क्रिय छन्, र युवा पुस्ता निराश भएको छ । कांग्रेसले जनताको भरोसा पुनःप्राप्त गर्न अब नयाँ सोच, नयाँ नेतृत्व र व्यवहारिक जनमुखी नीति अवलम्बन गर्नैपर्छ। पुराना नेताहरूले सन्तोषपूर्वक नेतृत्व युवालाई सुम्पिए मात्र पार्टीले आफ्नो ऐतिहासिक भूमिका जोगाउन सक्छ।

नेकपा एमालेले लामो समयसम्म स्थिर संगठन र अनुशासनको उदाहरण प्रस्तुत गरेको दल मानिन्थ्यो । तर पछिल्ला वर्षहरूमा आन्तरिक विभाजन र सत्ता केन्द्रित सोचका कारण एमालेको पहिचान धमिलिएको छ । जनताले यस दललाई वैकल्पिक शक्ति होइन, सत्ता प्राप्तिको माध्यमको रूपमा हेर्न थालेका छन् । पार्टीभित्र युवा पुस्ता पछाडि पारिएको छ, र निर्णय प्रक्रियामा तल्लो तहका कार्यकर्ताको आवाज हराउँदै गएको छ। संगठनको आडमा बढेको अहंकार र सत्ता-मोहले जनतासँगको दूरी बढाएको छ। एमालेले फेरि जनताको मन जित्न संगठन सुदृढीकरण, आत्मसमीक्षा र व्यवहारिक सुशासनको बाटो रोज्नैपर्छ । प्रविधि, पारदर्शिता र युवाको सक्रिय सहभागिता बिना एमाले पुनःस्थापित हुन सक्दैन।

नेकपा माओवादी केन्द्रले एक समय राजतन्त्रलाई हटाएर देशमा गणतन्त्र ल्याउने ऐतिहासिक भूमिका निभायो। तर क्रान्तिबाट जन्मिएको यो दल अहिले शासन र पदमा केन्द्रित हुँदै आफ्नो मौलिकता हराउँदै गएको छ । जनताले माओवादीलाई अब परिवर्तनको प्रतीकका रूपमा होइन, पुरानै राजनीतिक शैलीको अर्को संस्करणका रूपमा हेर्न थालेका छन्। आन्दोलनका समयमा उठाइएका वर्गीय समानता, भूमिहीनका अधिकार, र जनसहभागिताका मुद्दा सत्ता भोग्ने क्रममा बिर्सिँदै गएका छन् । माओवादीले अब क्रान्तिकारी भाषण होइन, व्यवहारिक परिवर्तनको नीति ल्याउनुपर्छ । लोकतान्त्रिक मूल्यलाई स्वीकार्दै असमानता, बेरोजगारी र भ्रष्टाचारविरुद्ध नयाँ अभियान सुरु गरे मात्र माओवादी पुनः सशक्त बन्न सक्छ।

> नेपालको मधेस अहिले राजनीतिक रूपान्तरणको निर्णायक मोडमा पुगेको छ । एकातिर जनचेतना तीव्र गतिमा बढिरहेको छ भने अर्कोतिर मधेसी दलहरु आन्तरिक फुट, स्वार्थ र पदमोहमा फसेका छन् । यस अवस्थामा रुपान्तरण अब विकल्प होइन, अस्तित्वको सवाल बनेको छ ।

नेकपा एकीकृत समाजवादी दल एमालेबाट फुटेर बनेको नयाँ राजनीतिक शक्ति हो, तर गठन भएको छोटो अवधिमा नै यो दल आफ्नो पहिचान बनाउने संघर्षमा छ । जनस्तरमा यसको प्रभाव सीमित छ, संगठन कमजोर छ, र विचारधारामा स्पष्टता छैन। पार्टी नेतृत्व अझै पुरानै शैलीमा अड्किएको छ, जहाँ युवालाई अवसर दिन हिचकिचाहट देखिन्छ। यो दलका लागि रुपान्तरणको अर्थ हो – नयाँ पुस्ता अगाडि ल्याउने, समाजमा प्रत्यक्ष असर पार्ने कार्यक्रम ल्याउने, र श्रमिक तथा तल्लो वर्गका मुद्दामा गम्भीर प्रतिबद्धता जनाउने। यदि यसले साँचो अर्थमा जनपक्षीय राजनीतिलाई आत्मसात् गर्न सक्यो भने मात्रै अस्तित्व सुनिश्चित हुनेछ।

यी चारै दलहरूको साझा समस्या भनेको सत्ता र पदमोह, आन्तरिक असहिष्णुता, र जनअपेक्षा अनुसार काम नगर्नु हो। दलहरू लोकतन्त्रका नाममा चुनावमा मात्रै सक्रिय देखिन्छन्, तर जनजीवनका समस्यामा मौन रहन्छन् । युवामा बढ्दो राजनीतिक उदासीनता र दलप्रतिको वितृष्णा यसको प्रत्यक्ष परिणाम हो । जनताको मन जित्न अब कुनै पनि दलले पुरानै शैलीमा राजनीति गर्न सक्दैनन्।

अबका दिनमा राजनीतिक दलहरूले रुपान्तरण गर्नुपर्छ केवल नारामा होइन, व्यवहारमा । नेतृत्व पुस्ता हस्तान्तरण हुनुपर्छ, ताकि युवाले पनि पार्टीभित्र भविष्य देख्न सकोस्। नीति निर्माणमा पारदर्शिता र जनसहभागिता हुनुपर्छ। संगठनात्मक स्तरमा गाउँ-वडा हुँदै केन्द्रसम्म पार्टी पुनःसक्रिय बनाउनुपर्छ । सामाजिक सञ्जाल र डिजिटल माध्यम प्रयोग गरी जनताको सुझाव लिन सक्ने, नीति प्रचार गर्न सक्ने नयाँ शैली अपनाउनुपर्छ।

भ्रष्टाचार, स्वार्थ र गुटबन्दीले थकित जनता अब नारा होइन, नतिजा खोजिरहेका छन् । उनीहरू सुशासन, रोजगारी, र विकासका स्पष्ट परिणाम चाहन्छन् । यदि ठूला दलहरूले आफ्नो चरित्र, नीति र व्यवहारमा सुधार ल्याउन सकेनन् भने नयाँ राजनीतिक शक्ति उदाउने सम्भावना बढ्दै जानेछ । अहिलेको सन्दर्भमा रूपान्तरण केवल विकल्प होइन, अस्तित्वको सवाल बनेको छ।

नेपाली कांग्रेसले लोकतन्त्रलाई व्यवहारमा उतार्न, नेकपा एमालेले सुशासन र संगठन सुदृढ गर्न, माओवादी केन्द्रले आफ्नो क्रान्तिकारी आदर्शलाई पुनःजीवित बनाउन, र एकीकृत समाजवादीले नयाँ पहिचान खोज्न सके – तब मात्रै नेपाली राजनीति स्थायित्वतर्फ अघि बढ्न सक्छ । रुपान्तरणको यो बाटो कठिन अवश्य छ, तर यही बाटो देश र जनताको भविष्य सुनिश्चित गर्ने एकमात्र उपाय हो । यदि यी दलहरूले आत्मसमीक्षा र परिवर्तनलाई आत्मसात् गर्न सके भने लोकतान्त्रिक प्रणाली बलियो हुनेछ, नत्र जनताले नयाँ विकल्प रोज्नेछन्, जसले नेपालको राजनीतिक नक्सा फेरिनेछ।

### मधेसी जनजाति र वर्तमान राजनीतिक अवस्था

नेपालको लोकतान्त्रिक संघर्षमा मधेसी जनजातिको योगदान ऐतिहासिक छ । तर, मधेसमै सक्रिय रहेका दलहरू आज टुक्राटुक्रा रूपले चलिरहेका छन्।

जनता समाजवादी पार्टी (जसपा),लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय मुक्ति पार्टी,जनमत पार्टी,नेपाल सदभावना पार्टी ,जनता प्रगतिशील पार्टी,तमलोपा । यी सबै दलहरू मधेस र मधेसी जनजातिको मुद्दा उठाइरहेका छन्, तर आ-आफ्नो स्वार्थ र नेतृत्वको प्रतिष्पर्धामा विभाजित छन् । यसरी खण्डित अवस्थामा जनताको विश्वास कमजोर हुँदै गएको छ। जनताले अपेक्षा गरेको कुरा भने स्पष्ट छ–एकीकृत नेतृत्व, ठोस रुपान्तरण र समयानुकूल कार्यक्रम।

नेपालको मधेस अहिले राजनीतिक रूपान्तरणको निर्णायक मोडमा पुगेको छ। एकातिर जनचेतना तीव्र गतिमा बढिरहेको छ भने अर्कोतिर मधेसी दलहरू आन्तरिक फुट, स्वार्थ र पदमोहमा फसेका छन्। यस अवस्थामा रुपान्तरण अब विकल्प होइन, अस्तित्वको सवाल बनेको छ।

समयको माग नै मधेसमा रुपान्तरण हो। मधेसी समाजमा शिक्षा, सञ्चार र प्रविधिको पहुँचले जनतालाई निकै सचेत बनाइसकेको छ । अब जनता नारा होइन, नतिजा खोज्छन् । उनीहरूलाई आन्दोलनका भाषण र वाचा होइन, व्यवहारिक परिवर्तन चाहिन्छ। जनताको जीवनस्तर उकास्ने ठोस काम नगरेसम्म कुनै दलले लामो समयसम्म विश्वास कायम राख्न सक्दैन।

अर्को कारण प्रतिस्पर्धात्मक राजनीतिक वातावरण हो । अहिले राष्ट्रिय दलहरूले पनि मधेसलाई प्राथमिकतामा राख्न थालेका छन् । पहिलेजस्तो उपेक्षा अब छैन। मधेसका मतदाताले पनि विचार गर्न थालेका छन् कि कुन दलले वास्तवमै उनीहरूको मुद्दा बोकेको छ र कुन दलले केवल भाषण गरेको छ। यस्तो अवस्थामा मधेसी दलहरूले आपसी फुटमा रमाउने हो भने चुनावी परिणाममा उनीहरूको अस्तित्व नै संकटमा पर्न सक्छ।

मधेसी नेतामाथिको भरोसा पनि विगतका विभाजन, स्वार्थ र पदलोभका कारण कमजोर भइसकेको छ । नेताहरूले आफ्नै दल फुटाएर नयाँ नाममा पुनःदल बनाउँदा जनता दिग्भ्रमित भएका छन् । जनताको त्यो भरोसा पुनःस्थापना रुपान्तरणबिना सम्भव छैन।

अब के कस्तो रुपान्तरण आवश्यक छ भन्ने प्रश्न उठ्छ। सबैभन्दा पहिला, मधेसका विभाजित दलहरू जसपा, लोसपा, राष्ट्रिय मुक्ति पार्टी, जनमत, जनता प्रगतिशील पार्टी, नेपाल सद्भावना पार्टी, तमलोपा लगायत सबैले मिलेर एउटा संयुक्त, सशक्त राजनीतिक शक्ति निर्माण गर्नुपर्छ। एउटै उद्देश्यका लागि विभाजित भएर होइन, एकीकृत भएर अघि बढ्दा मात्रै मधेसको आवाज राष्ट्रिय स्तरमा प्रभावशाली बन्न सक्छ।

नीति र कार्यक्रमको स्पष्टता पनि रुपान्तरणको महत्वपूर्ण पक्ष हो । मधेसी राजनीति अब केवल आन्दोलन र अधिकारका नारा सीमित रहनु हुँदैन । शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि आधुनिकीकरण, खुला सीमा र सीमापार सम्बन्धका व्यावहारिक एजेन्डा अघि सार्नुपर्छ । जनताले प्रत्यक्ष अनुभव गर्न सक्ने सुधारका नीति ल्याउनुपर्छ, जसले मधेसमा विकास र अवसरको वातावरण निर्माण गरोस्।

युवालाई नेतृत्वमा ल्याउने कुरा पनि अब केवल शब्दमा होइन, व्यवहारमा लागू हुनुपर्छ । मधेसको राजनीतिमा पुस्तागत हस्तान्तरण नभएसम्म नयाँ सोच र नयाँ दृष्टिकोण प्रवेश गर्न सक्दैन । मधेसी दलहरूले युवापुस्तालाई जिम्मेवारी दिनु, उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउनु र नयाँ पुस्तालाई भविष्यका नेता बन्ने अवसर दिनु नै वास्तविक परिवर्तनको सुरुवात हुनेछ।

संगठनात्मक सुधार पनि रुपान्तरणको अर्को अनिवार्य अङ्ग हो। दलहरू केवल चुनावी तयारीका लागि बनेका मेसिन होइनन्, ती समाजका परिवर्तनका वाहक हुनुपर्छ। मधेसी दलहरूले सामाजिक, आर्थिक र सांस्कृतिक सुधारका नेतृत्वकर्ता बन्न सक्नुपर्छ । स्थानीय तहमा संगठन बलियो बनाएर मात्र जनता र दलबीचको सम्बन्ध बलियो रहन्छ।

यदि मधेसी दलहरूले तत्काल रुपान्तरण र एकता गरेनन् भने यसको परिणाम गम्भीर हुनेछ। मधेसमा नयाँ दल जन्मिन सक्छन्, जसले पुराना दलहरूको स्थान लिनेछन्। वर्षौंको आन्दोलन र सयौं सहिदको बलिदानले प्राप्त संघीयता खतरा मा पर्न सक्छ । पुराना दलहरू केवल इतिहासमा सीमित हुनेछन्, र मधेसी जनताको मुद्दा फेरि उपेक्षित बन्ने जोखिम बढ्नेछ । जनता असन्तुष्ट भएर संघीयता विरोधी शक्तितर्फ आकर्षित हुन सक्छन्। जसरी नोकिया वा एचएमटी कम्पनीहरू समय अनुसार बदलिन नसकेर इतिहासमा मात्र बाँकी रहे, त्यस्तै मधेसी दल र उनका नेताहरू पनि केवल स्मृतिमा सीमित हुनेछन्।

समय कुनै पनि शक्ति वा नेताको लागि प्रतीक्षा गर्दैन । परिवर्तनलाई आत्मसात् गर्नेले मात्र भविष्यमा स्थान पाउँछन् । मधेसी जनताको राजनीतिक अधिकारलाई दिगो बनाउन, उनीहरूको संघर्ष र बलिदानको सम्मान गर्न, र मधेसलाई सक्षम नेतृत्व दिनका लागि अब ढिलाइ नगरी रुपान्तरण र एकीकरणको बाटो रोज्नुपर्छ । यही बाटोले मात्र जनताको विश्वास पुनःस्थापित गर्नेछ, मधेसलाई सबल बनाउनेछ र नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रलाई मजबुत पार्नेछ। अन्यथा इतिहास फेरि दोहोरिनेछ – र यी दल र दलपतिहरू केवल नामका लागि मात्र बाँकी रहनेछन्। (लेखक डा. राजीव झा राष्ट्रिय मुक्ति पार्टी नेपालका उपाध्यक्ष हुनुहुन्छ)

# जेन-जी आन्दोलनपछि इतिहासको निर्णायक मोडमा कांग्रेस

डा. गंगादत्त नेपाल

नेपालको राजनीतिक इतिहासमा जेन-जी आन्दोलन एक युगान्तकारी मोडका रूपमा स्थापित भएको छ । यो आन्दोलन केवल सडकमा नाराबाजी गर्ने युवाहरूको जमात मात्र थिएन, बरु यो यथास्थितिवादी सत्ताको गहिरो आलोचना र जनआकाङ्क्षाको विस्फोट थियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध, भ्रष्टाचार, नातावाद र जनताको आवाज दबाउने प्रवृत्तिविरुद्ध उठेको यो आन्दोलनले देशको राजनीतिक संरचना हल्लाइदियो।

अन्तरिम प्रधानमन्त्रीका रूपमा सुशीला कार्कीको उदयले जन दबाबको शक्ति कति निर्णायक हुन सक्छ भन्ने प्रमाणित गऱ्यो । नेपाली कांग्रेसले देशका हरेक ठुला राजनीतिक आन्दोलनको अगुवाइ गरेको इतिहास छ– राणाशासन अन्त्यदेखि पञ्चायती व्यवस्थाको विरोध, बहुदलीय प्रजातन्त्रको पुनःस्थापना र लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म। जनताको अधिकारका निम्ति लड्ने र बलिदान गर्ने पार्टीका रूपमा कांग्रेसको गहिरो विरासत छ । यही पार्टी आज आफ्नै सङ्गठनात्मक कमजोरी, नेतृत्वको जडता र जनअपेक्षाप्रति बेवास्ताका कारण सामान्यजस्तो देखिने आन्दोलनबाट पनि विचलित हुन पुगेको छ।

जेन-जी (सन् १९९७ देखि २०१२ को बिचमा जन्मेको पुस्ता)को मात्र दुईदिने आन्दोलनले कांग्रेस सहभागी सरकारलाई कोल्टो फेर्नुपर्ने स्थिति सिर्जना गऱ्यो, यसले विशेषतः कांग्रेसजस्तो पुरानो दलको नेतृत्वमाथि प्रश्न उब्जाएको छ । यो केवल जेन-जीको आन्दोलनको प्रभाव होइन, यो कांग्रेस नेतृत्वको कमजोर धरातलको खुला पर्दाफास हो । जनतासँग संवाद गर्न नसक्ने, नीति स्पष्ट गर्न नसक्ने र सरकारको कार्यशैलीप्रति आफ्नै समर्थक जनमतलाई समेत विश्वस्त पार्न नसक्ने अवस्थाले अहिले कांग्रेसलाई छटपटाउन बाध्य बनाएको छ। यो सङ्कट बाह्य दबाब होइन, आन्तरिक नेतृत्व सङ्कटको परिणाम हो।

जेन-जी आन्दोलनले युवाहरूको राजनीतिक चेतना र सक्रियताको नयाँ अध्याय खोल्यो । यसले देखायो कि जब जनता आफ्नो अधिकार र स्वतन्त्रताका लागि एकजुट हुन्छन्, तब सत्ताको गढ पनि दुई दिनमै ढल्न सक्छ । परिवर्तनको यो हुँकारसँगै अराजकताको छाया पनि फैलियो । यस आन्दोलनमा जुन मानवीय क्षति भयो, त्यो अपूरणीय छ । अर्कोतिर आन्दोलनको आवरणमा घुसेका अराजक समूहले सरकारी भवनहरू, ऐतिहासिक सम्पदा र सार्वजनिक संरचनामा अकल्पनीय क्षति पुऱ्याए। सिंहदरबार, राष्ट्रपति भवन र अन्य सरकारी कार्यालयहरूमा आगजनी हुँदा खर्बौंको भौतिक सम्पत्ति नष्ट मात्र नभई सांस्कृतिक र प्रशासनिक दृष्टिले पनि गहिरो चोट पुग्यो । अमूल्य दस्तावेजहरू खरानी बने, जसले नेपालको ऐतिहासिक निरन्तरता र कानुनी स्मृतिमा अपूरणीय क्षति पुऱ्यायो।

यति गहिरो आन्दोलनपछि पनि मुख्यधारका राजनीतिक दलहरू (कांग्रेस, एमाले र माओवादी केन्द्र) ले आत्मसमीक्षा गर्ने सङ्केत समेत देखाएनन्। जनताको आक्रोश र परिवर्तनको चाहनालाई सम्बोधन गर्ने कुनै ठोस कदम उठाइएको छैन। शेरबहादुर देउवा, केपी शर्मा ओली र प्रचण्डजस्ता शीर्ष नेताहरूले सत्तापलटपछि विशेष महाधिवेशनको घोषणा गरेर कार्यवाहक नेतृत्वलाई जिम्मेवारी दिने नैतिकता देखाएका भए जनताले उनीहरूलाई पुनः विश्वास गर्ने आधार तय हुने आशा गर्न सकिन्थ्यो, तर उनीहरू पुरानै सत्ताको मोहमा बाँधिए । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले विशेष महाधिवेशनको प्रस्ताव अघि सारिसकेका छन् भने एमालेमा अध्यक्ष ओलीको एकाधिकारवादी शैलीले यस्तो प्रस्तावको कल्पनालाई नै दबाइरहेको छ। कांग्रेसमा अवस्था अझ जटिल छ– नेतृत्व परिवर्तनको बहस नै दबाइएको छ।

देशमा करिब ५२ प्रतिशत युवा मतदाता छन्, जसको राजनीतिक चेतना, आकाङ्क्षा र दृष्टिकोण अघिल्लो पुस्ताभन्दा धेरै फरक र परिष्कृत छ। उनीहरू केवल इतिहासको आधारमा होइन, नतिजामुखी नेतृत्व, उत्तरदायी नीति र समावेशी दृष्टिकोणका आधारमा राजनीतिक पार्टीको मूल्याङ्कन गर्छन्। नेपाली कांग्रेस भने अझै पुरानै अनुहार र संरचनाभित्र घुमिरहेछ । देउवा नेतृत्वको निरन्तरता कुनै दूरदृष्टियुक्त रणनीति नभएर गुटगत सन्तुलन र स्वार्थको संरचना जोगाउने असफल प्रयासझैं देखिन थालेको छ। पाँचौंपटक प्रधानमन्त्री बनिसकेका देउवा अहिले पनि नेतृत्वमा रहनुपर्ने कुनै सशक्त तर्क जनतासामु छैन। पार्टीभित्र एउटा यस्तो संरचना निर्माण गरिएको छ, जसले विकल्पको बाटो बन्द गर्ने प्रयास गरिरहेको



छ। जेन-जी आन्दोलनले युवाहरूको राजनीतिक चेतना र सक्रियताको नयाँ अध्याय खोल्यो । यसले देखायो कि जब जनता आफ्नो अधिकार र स्वतन्त्रताका लागि एकजुट हुन्छन्, तब सत्ताको गढ पनि दुई दिनमै ढल्न सक्छ।

नेतृत्व नफेरिने, पुरानै अनुहार दोहोरिने र नयाँ सोचलाई अवरोध गर्ने हठ अब सह्य छैन । यसले कांग्रेसलाई केवल जनसमर्थनबाट टाढा बनाइरहेको छैन, संस्थागत रूपमा पनि कमजोर बनाइरहेको छ। युवा मतदातामा पार्टीप्रति वितृष्णा बढ्दो छ, कार्यकर्ता तहमा उत्साह घट्दो छ र पार्टी स्वयं दिशाहीन हुँदै गएको छ। नेतृत्व परिवर्तनको माग अब केवल असन्तुष्ट केही व्यक्तिको गुनासो होइन, यो व्यापक कार्यकर्ता तह र युवा पुस्ताको सामूहिक आवाज बन्दै गएको छ। कांग्रेसले यो आवाज सुन्न सकेन भने पार्टीको अस्तित्व नै सङ्कटमा पर्न सक्छ। केवल देउवा नेतृत्वको निरन्तरताले पार्टीलाई स्थायित्व होइन, विघटनको दिशामा धकेल्ने सम्भावना बढ्दो छ।

गगन थापा र विश्वप्रकाश शर्मा कांग्रेसभित्र सुधारको आवाज उठाउने प्रमुख युवा नेताका रूपमा स्थापित छन् । उनीहरूले विगत केही वर्षदेखि पार्टीभित्रको जडता, नेतृत्वको अकर्मण्यता र भ्रष्टाचारविरुद्ध स्पष्ट एजेन्डा अघि सारेका छन्। विशेषतः गगनले स्वास्थ्य, शिक्षा र सुशासनका सवालमा संसद्मा प्रभावशाली भूमिका खेलेका छन् भने विश्वप्रकाशले सङ्गठनात्मक सुधार र युवाको प्रतिनिधित्वको पक्षमा निरन्तर आवाज उठाउँदै आएका छन्। यति सबल र स्पष्ट एजेन्डा हुँदाहुँदै पनि उनीहरू पूर्णतः प्रश्नमुक्त छैनन्; तिनका कारण गम्भीर छन्।

गगन-विश्वले पार्टीभित्र सुधार, जवाफदेहिता र पारदर्शिताको पक्षमा ठुला कुरा गरे पनि ती एजेन्डाहरू प्रायः नारामा सीमित देखिन्छन् । महाधिवेशनका बेला जनतामा सुधारको आशा जगाउने र युवालाई प्रेरित गर्ने भाषणहरू सुन्न पाइन्छ । समय बित्दै जाँदा ती प्रतिबद्धता ओझेलमा पर्दै जान्छन् । विशेषतः जब पार्टीभित्रको शक्ति सन्तुलन, गुटगत चासो र चुनावी रणनीतिले प्राथमिकता पाउँछ, तब सुधारको एजेन्डा स्वतः दोस्रो तहमा धकेलिन्छ। यही प्रवृत्तिले जनस्तरमा गम्भीर प्रश्न जन्माएका छन्– के सुधारको कुरा केवल महाधिवेशन वा चुनावी आवरणमा प्रयोग हुने नारा हो ? होइन भने सुधारका ठुला प्रतिबद्धता किन संस्थागत तहमा लागु हुँदैनन् ? पार्टीको आन्तरिक लोकतन्त्र, सङ्गठनभित्रको अनुशासन र जवाफदेहिता सुनिश्चित गर्ने प्रयास किन अलमलमा पर्छ ?

यही सन्दर्भमा नेविसंघ र तरुण दलजस्ता सङ्गठनको अवस्था झनै चिन्ताजनक छ । यी संस्था कांग्रेसको भविष्य निर्माण गर्ने थलो हुन्, जहाँबाट नयाँ नेतृत्व, विचार र दिशा आउनुपर्थ्यो । यतिखेर यिनै सङ्गठनहरू पार्टीको गुटगत प्रतिस्पर्धाको अखडा बनेका छन् । सङ्गठनभित्र अनुशासनको अभाव, स्वार्थले निर्देशित निर्णयहरू र व्यक्तिगत समूहगत लाभमा सीमित गतिविधिले युवाको राजनीतिलाई दिशाहीन बनाएको छ। अझ गम्भीर कुरा के छ भने, यी विकृति राम्ररी बुझेका गगन-विश्वजस्ता नेताले हस्तक्षेप गर्ने आँट देखाएका छैनन्। उनीहरू सुधारका वकालतकर्ता भए पनि नेविसंघ र तरुण दलमा देखिएको अधोगतिको प्रतिरोध गर्न सकेका छैनन्।

प्रश्न उठ्छ– के उनीहरू सङ्गठनभित्रको असन्तुलनलाई जानाजान नजरअन्दाज गरिरहेका छन् ? वा उनीहरू पनि गुटगत सन्तुलन र सत्ताको समीकरणभित्र सीमित रहन बाध्य छन् ? साँच्चिकै पार्टीभित्र दीर्घकालीन सुधार चाहन्छन् भने गगन-विश्वजस्ता नेताहरूले सङ्गठनको जरा-जरा तहदेखि त्यसको पहल गर्नुपर्छ। सशक्त युवा सङ्गठन, नीतिगत स्पष्टता र गुटभन्दा माथि उठ्ने संस्कृति विकास नगरी पार्टीभित्र सुधारको कुरा केवल भाषणमै सीमित हुनेछ। रातोपाटी

# देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ : सञ्चारमन्त्री खरेल

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राष्ट्रिय समाचार समिति (रासस)ले देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिनुभएको छ ।



"यो सरकारसँग निर्वाचनका साथै सुशासन कायम, भ्रष्टाचारको अन्त्य र जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिमाथिको छानबिन र कारबाही एवं प्राकृतिक विपदपछिको राहत र पुनःस्थापना पनि "म्याण्डेट" रहेको छ । त्यो पूरा गर्न सरकार प्रतिबद्ध छ ।"

राससको भद्रकालीस्थित केन्द्रीय कार्यालयको बुधबार अवलोकन तथा निरीक्षणपछि आयोजित कार्यक्रममा मन्त्री खरेलले राससमा कार्यरत पत्रकार र कर्मचारी जुनसुकै विचार र आस्थामा आबद्ध भए पनि संस्थाको बृहत्तर हितका पक्षमा एक हुनुपर्ने बताउनुभयो । "राससमा कार्यरत साथीहरु साँच्चिकै पत्रकार बनेर आफ्नो व्यक्तित्व निर्माणमा लागेमा त्यसले देश र जनतालाई फाइदा पुग्नेछ", उहाँले भन्नुभयो, "अहिलेको सरकारको कार्यादेश बुझ्नुभएकै छ । सोहीअनुसार व्यवसायिक, निष्पक्ष र सन्तुलित भइ काम गर्नुस् ।"

**रासस विनियमावली संशोधन छिट्टै**

रासस एक इतिहास बोकेको गौरव गर्न लायक संस्था भएको स्मरण गर्दै मन्त्री खरेलले राससको विनियमावली संशोधनलाई विभागीय मन्त्रीका हैसियतले छिट्टै टुङ्गोमा पुऱ्याउन आफू तत्पर रहेको बताउनुभयो । उहाँले राससको भौतिक सम्पत्तिको उपयोग, अडियो-भिडियो सेवाको दिगोपना आदिका विषयमा क्रमशः छलफल गरिने विश्वास दिलाउनुभयो ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले रासस विनियमावली लामो समयदेखि मन्त्रालयमा विचाराधीन हुँदा कर्मचारीको वृत्तिविकाससँग सम्बन्धित काम प्रभावित भएको बताउँदै यथाशक्य छिटो विनियमावली स्वीकृतिका लागि आग्रह गर्नुभयो । उहाँले नेपाल भाषा, मैथिली र अवधि भाषामा समाचार सेवा प्रवाह भइरहेको जानकारी दिँदै अन्य मातृभाषामा पनि समाचार सेवा सञ्चालनका लागि बजेट व्यवस्था भए रासस तयार रहेको बताउनुभयो । उहाँले व्यावसायिक हिसाबले महत्त्वपूर्ण स्थानका राससको भौतिक सम्पत्तिको सदुपयोग गरी संस्थालाई आत्मनिर्भर बनाउन सकिने भएकाले त्यसमा सरकारको सहयोगको आवश्यकता औंल्याउनुभयो । रासस उपदान कोषसहित समग्र बजेट वृद्धिको व्यवस्था गरिदिन पनि कार्यकारी अध्यक्ष झालेले आग्रह गर्नुभयो ।

राससका महाप्रबन्धक सन्दीप राईले राससलाई समयसापेक्ष 'डिजिटलाइज्ड' गरी देशको एजेण्डा बोक्ने समाचार संस्थाका रुपमा स्थापित गर्न व्यवस्थापन पक्ष अघि बढिरहेको बताउनुभयो । केन्द्रीय कार्यालयबाट मात्र समाचार सेवा प्रवाह भइरहेको अवस्थामा प्रदेशगत रुपमा पनि 'बुलेटिन' प्रकाशन गर्नुपर्ने देखिएकाले त्यसमा सरकारका तर्फबाट सहयोगको अपेक्षा गर्नुभयो । उहाँले रासस विनियमावली संशोधन प्रक्रियालाई अन्तिम रुप दिन र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गर्न मन्त्रालयको नेतृत्वदायी भूमिका हुने भएकाले सहजीकरण गरिदिन मन्त्रालयसँग अनुरोध गर्नुभयो ।

कार्यक्रममा सञ्चार मन्त्रालयका सचिव राधिका अर्याल, सहसचिव कोषहरि निरौलालगायत उपस्थित हुनुहुन्थ्यो ।

**सरकारको मुख्य कार्यादेश निर्वाचन गराउनु हो**

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले 'जेनजी' आन्दोलनको जगबाट निर्मित वर्तमान सरकारको मुख्य कार्यादेश सबै राजनीतिक दल र जनताको सहभागितामा तोकिएको समयावधिमा प्रतिनिधिसभाको निर्वाचन गराउनु रहेको बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस)को भद्रकालीस्थित केन्द्रीय कार्यालयको आज अवलोकन भ्रमणपछि आयोजित कार्यक्रममा मन्त्री खरेलले आगामी फागुन २१ गते हुने निर्वाचनको वातावरण बनाउन सबैसँग आग्रह गर्नुभयो । निर्वाचन गर्ने सन्दर्भमा सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्कीबाट प्रतिबद्धता आइसकेको स्पष्ट पार्दै निर्वाचनको वातावरण निर्माण गर्न महत्त्वपूर्ण भुमिका हुने सञ्चार जगतबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

"यो जेनजी आन्दोलनको जग, सबै राजनीतिक दल र जनताको चाहनामा बनेको सरकार हो । निर्वाचनमा जाने सबै दल र जनताको चाहना छ । यसै क्रममा निर्वाचन आयोगबाट कार्यतालिका प्रकाशन भइसकेको छ ।

निर्वाचनको वातावरण बनाउन राससले पनि भूमिका खेल्नेछ भन्ने मैले विश्वास लिएको छु", सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलले भन्नुभयो, "यो सरकारसँग निर्वाचनका साथै सुशासन कायम, भ्रष्टाचारको अन्त्य र जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिमाथिको छानबिन र कारबाही एवं प्राकृतिक विपद् पछिको राहत र पुनःस्थापना पनि 'म्याण्डेट' रहेको छ । त्यो पूरा गर्न सरकार प्रतिबद्ध छ ।" उहाँले आसन्न निर्वाचनको वातावरण तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा राजनीतिक दलहरुसँग संवाद भइरहेको उल्लेख गर्नुभयो ।रासस

# संवादबाट समस्याको समाधान खोज्न सरकारको आह्वान

काठमाण्डु । सरकारले मुलुकमा शान्ति सुव्यवस्था र अमनचयन कायम राख्दै निर्वाचनलाई सफल बनाउन आमनागरिकसँग अपिल गरेको छ । गृह मन्त्रालयले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्ना आवाज शान्तिपूर्वक राख्न र विरोधका कार्यक्रमलाई शान्तिपूर्ण बनाउन अनुरोध गरेको हो ।




नागरिकका चासो, सरोकार र मागलाई गम्भीरतापूर्वक वार्ता एवं छलफलमार्फत समाधान गर्न सरकार सधैं सकारात्मक रहेको उल्लेख गर्दै मन्त्रालयले धर्ना जुलुसलगायतका कार्यक्रम गर्नुअगावै वार्ता र संवादका माध्यमबाट समस्याको समाधान गर्ने खोज्न अनुरोध गरेको छ ।

नयाँ सरकारको गठनसँगै स्थिति नियन्त्रणमा लिई शान्तिसुरक्षाको अवस्था सामान्य बनाउन र आगामी फागुन २१ गतेका लागि तय भएको निर्वाचनको वातावरण तयार गर्नेतर्फ सरकार क्रियाशील रहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । देशमा शान्तिसुरक्षा बहाली गर्दै घोषित मितिमा निर्वाचन सम्पन्न गर्न सरोकारवाला तथा आमनागरिककोसमेत दायित्व भएको मन्त्रालयले स्पष्ट पारेको छ ।रासस

# नेपाल सरकार र जर्मन सरकारबीच विभिन्न सम्झौतामा हस्ताक्षर




काठमाण्डु । नेपाल सरकार र सङ्घीय गणतन्त्र जर्मनीबीच वित्तीय सहयोग र प्राविधिक सहयोगसम्बन्धी दुई महत्त्वपूर्ण सम्झौतामा बुधबार हस्ताक्षर भएको छ ।

अर्थ मन्त्रालयमा भएको उक्त सम्झौतामा नेपाल सरकारको तर्फबाट मन्त्रालयका सहसचिव धनिराम शर्मा र जर्मन सरकारको तर्फबाट काठमाडौँस्थित नेपालका लागि सङ्घीय गणतन्त्र जर्मनीका राजदूत उडो भोल्जले हस्ताक्षर गर्नुभयो । यी सम्झौताले नेपालको ऊर्जा, स्वास्थ्य, कृषि, शासन तथा समावेशी विकासका प्राथमिकतालाई सहायता गर्ने लक्ष्य लिएको मन्त्रालयले जनाएको छ ।

वित्तीय सहयोग सम्झौताअन्तर्गत जर्मन सरकारले "पावर डिस्ट्रीब्युसन स्ट्रेन्थेनिङ कार्यक्रम" मा सहयोगस्वरूप २० मिलियन युरो सम्मको प्रतिबद्धता जनाएको छ । यस परियोजना नेपालको विद्युतीय विवरण प्रणालीको स्तरोन्नति र सुदृढीकरणमा केन्द्रित हुने जनाइएको छ ।

यो परियोजना नेपाल विद्युत् प्राधिकरणमार्फत कार्यान्वयन गरिने र त्यसका लागि नेपाल विद्युत् प्राधिकरण र जर्मन विकास बैंकबीच कार्यान्वयन सम्झौता पनि हुने उल्लेख छ । सम्झौताको कार्यान्वयन पाँच वर्ष भित्र अर्थात् ५ सेप्टेम्बर २०२९ सम्ममा सम्पन्न हुनुपर्ने उल्लेख गरिएको छ ।

प्राविधिक सहयोग सम्झौता सन् १९७४ मा हस्ताक्षर गरिएको दीर्घकालीन ढाँचागत सम्झौता र सन् २००९ मा संशोधित सम्झौतामा आधारित रहेको जनाइएको छ । यसअन्तर्गत २१ मिलियन युरोसम्मको अनुमानित प्रतिबद्धतासहित जर्मनीले विभिन्न क्षेत्रमा सहयोग पुऱ्याउने बताइएको छ ।

उक्त परियोजना स्वास्थ्य क्षेत्रमा, राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशी रणनीतिका लागि निरन्तर समर्थन प्रदान गर्दै स्वास्थ्य प्रणालीमा गुणस्तरीय पूर्वाधारलाई थप स्तरीय बनाउन सहयोग गर्नेछ ।

त्यसैगरी कृषि तथा निजी क्षेत्रको विकास, समावेशी र जलवायु-प्रतिकारशील आर्थिक विकासलाई प्रवर्द्धन गर्ने कार्यक्रममासमेत सहयोग पुऱ्याउने परियोजनाको लक्ष्य छ । परियोजनाले थप अध्ययन तथा विज्ञ कोषमार्फत सल्लाहकार तथा प्राविधिक सहायता प्रदान गर्नेछ । यस प्राविधिक सहायता सम्झौताको कार्यान्वयन समेत पाँच वर्ष भित्रअर्थात् ५ सेप्टेम्बर २०२९ सम्ममा सम्पन्न हुने सम्झौतामा उल्लेख छ ।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव शर्माले जर्मनीको निरन्तर सहयोगप्रति आभार व्यक्त गर्नुभयो । नेपालका लागि जर्मन सङ्घीय गणतन्त्रका राजदूत भोल्जले यो नयाँ प्रतिबद्धताले ऊर्जा, दिगो आर्थिक विकास र स्वास्थ्य क्षेत्रमा नेपाल र नेपाली जनतासँगको सहकार्यलाई अझ प्रगाढ बनाएको उल्लेख गर्नुभयो ।रासस

# सबै स्थानीय तहमा आयुर्वेद केन्द्र पुग्यो

काठमाण्डु । सरकारले ७५३ वटै स्थानीय तहमा आयुर्वेद केन्द्र पुऱ्याएको छ ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका निमित्त महानिर्देशक डा श्यामवाबु ठाकुरले मुलुकका सबै स्थानीय तहमा आयुर्वेद केन्द्र स्थापना गरिएको जानकारी दिनुभयो ।




आयुर्वेद स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय नभएका स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्रका रुपमा आयुर्वेद औषधालय स्थापना गरिएको उहाँले बताउनुभयो । उक्त सेवा केन्द्रमा एक जना कविराज तहका आयुर्वेद जनशक्तिको व्यवस्था हुनेछ ।हरेक पालिका तहमा रहेका ती आयुर्वेद केन्द्रबाट निःशुल्करुपमा आयुर्वेद औषधिका साथै उपचार सेवा पनि प्रदान गरिने छ । यस्तै आरोग्य केन्द्रहरूमा भने योग पनि सिकाइने डा ठाकुरले जानकारी दिनुभयो ।

'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' भन्ने मुल नाराका साथ आयुर्वेद स्वास्थ्य केन्द्र नभएका स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको विभागले स्पष्ट गरेको छ ।

निमित्त महानिर्देशक डा ठाकुरका अनुसार यसअघि २३ वटा आयुर्वेदसम्बन्धी औषधि बिरामीलाई दिने गरेकामा अबदेखि ३५ प्रकारका अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउन थालिएको छ ।

आयुर्वेद सेवा केन्द्रहरूबाट कब्जियत, मधुमेह, उच्चरक्तचापलगायतका रोगका औषधि निःशुल्क रुपमा प्रदान गरिने व्यवस्था मिलाइएको छ ।

नेपालमा सबै प्रदेशमा प्रादेशिक आयुर्वेद चिकित्सालय र केन्द्रीय तहमा आयुर्वेद चिकित्सालय नरदेवी तथा आयुर्वेद शिक्षण अस्पताल कीर्तिपुरबाट सेवा प्रदान भइरहेको छ ।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०६/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/०६/२९ गते/स्थान : सम्बन्धित शाखा कार्यालय | २०८२/०६/३१ गते, शुक्रबार दिनको १ बजे |

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | |
| १. | नाम : आईशा सेल्स ट्रेडिङ प्रा.लि.<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. २५६०९९/०७७/०७८, दर्ता मिति : २०७७/११/०४, पान नं. ६०९९३८००५, दर्ता मिति : २०७७/११/०४<br>ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ वडा नं. ५, महेन्द्रनगर<br>संचालक : श्याम सुन्दर महतो | |
| | जमानतकर्ताको विवरण | |
| | १. नाम : श्याम सुन्दर महतो<br>ना.प्र.नं. १७३०८७/६०३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | २. नाम : सुनिता सिंह<br>ना.प्र.नं. १७३०७८७/९०८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०१<br>पतिको नाम : श्याम सुन्दर महतो<br>ससुराको नाम : नबल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| | ३. नाम : नबल किशोर महतो<br>ना.प्र.नं. १७३०८७/४५६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२८<br>बाबुको नाम : राम नारायण महतो<br>बाजेको नाम : बशंराज महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | ४. नाम : रेखा कुमारी महतो<br>ना.प्र.नं. १७३०८७/९०६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०१<br>पतिको नाम : राम पुकार महतो<br>ससुराको नाम : नवल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| | ५. नाम : शोभा कुमारी<br>ना.प्र.नं. १७-०१-७७-०१७७४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०७७/०६/०९<br>पतिको नाम : राम मनोज महतो<br>ससुराको नाम : नवल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ५ | ६. नाम : राम कुमारी देवी कोइरीन<br>ना.प्र.नं. १०९८३-८२८८११२७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०३४/०६/१८<br>पतिको नाम : नवल किशोर महतो<br>ससुराको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| | ७. नाम : राम पुकार महतो<br>ना.प्र.नं. १७३०८७/६१८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | ८. नाम : राम मनोज महतो<br>ना.प्र.नं. १७३०८७/६१३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| | धितोको विवरण | |
| | १. आईशा सेल्स ट्रेडिङ्गको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ८२२ र ५४७ को क्षेत्रफल क्रमशः ०-०-११-४ र ०-३-६-८ विगाहा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ७९४ को क्षेत्रफल १-३-१३-० विगाहा, धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ ख स्थित कित्ता नं. ६२७८ को क्षेत्रफल ०-७-८-० विगाहा तथा धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थिल कित्ता नं. २९५ र ३४० को क्षेत्रफल क्रमशः ८४.६५ र २२५.६५ वर्गमिटर भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. राम मनोज महतोको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, बडहरामाल गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १९५ को क्षेत्रफल ०-४-१६-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. नबल किशोर महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९६३, ३९३, ९५८ र ९६० को क्षेत्रफल क्रमशः ०-१-१०-०, ०-१-११-०, ०-०-११-४ र ०-३-०-० विगाहा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ९६४ को क्षेत्रफल ०-१-१०-० विगाहा, धनुषा जिल्ला, दिगम्बरपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २३१ को क्षेत्रफल ०-१३-०-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>४. राम पुकार महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, नकटाझिझ गा.वि.स. वडा नं. १ ख स्थित कित्ता नं. ४८१ को क्षेत्रफल ०-९-१५-८ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

| क्र.सं. | शाखा कार्यालय : चपुर, रौतहट | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | |
| १. | नाम : पुरुषोतम दुध संकलन तथा डेरी उद्योग<br>मधेश प्रदेश सरकार, उद्योग पर्यटन वन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट<br>दर्ता नं. १०९७४/१५७४/४२८/२३५ गरुडा, दर्ता मिति : २०७८/१२/२९, पान नं. ६१८०८४२३६, दर्ता मिति : २०७८/१२/२९<br>ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १, प्रोप्राइटर : सुनिता देवी पजियार | |
| | ऋणी तथा जमानतकर्ताको विवरण | जमानतकर्ताको विवरण |
| | नाम : राम बाबु पजियार<br>ना.प्र.नं. ८०२६९९५३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६१/१२/२२<br>बाबुको नाम : राम सकल पजियार<br>बाजेको नाम : सिताराम पजियार<br>ठेगाना : धनुषा जिल्ला, सबैला वडा नं. २<br>हाल : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ | नाम : सुनिता देवी पजियार<br>ना.प्र.नं. ८०२६१०२१५, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/०३/१९<br>पतिको नाम : राम बाबु पजियार<br>ससुराको नाम : राम सकल पजियार<br>ठेगाना : धनुषा जिल्ला, सबैला वडा नं. २<br>हाल : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ |
| | धितोको विवरण | |
| | सुनिता देवी पजियारको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३७४ को क्षेत्रफल ०-०-११-८ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# दुई पूर्व मन्त्रीसहित सात जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी आरोपपत्र दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस/रिसवत लिई भ्रष्टाचार गरेको अभियोगमा दुई पूर्व मन्त्रीसहित सात जनाविरुद्ध आरोपपत्र दायर गरेको छ ।




आयोगले बुधबार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालिन मन्त्री राजकुमार गुप्ता एवं भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका पूर्वमन्त्री रन्जिता श्रेष्ठसमेत सात जना उपर घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर गरेको हो ।

तत्कालिन मन्त्री गुप्ताले कास्की जिल्लास्थित मालपोत कार्यालयका तत्कालिन प्रमुख रामचन्द्र अधिकारीलाई सरुवा थमौतीका लागि घरजग्गा व्यवसायीसँग ५३ लाख रुपैयाँ लिएको र भूमि आयोगको सदस्य बनाउनका लागि २५ लाखको घुस डिल गरेको अडियोसमेतलाई अनुसन्धान गरेका आधारमा विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको हो ।

आयोगले तत्कालिन मन्त्री गुप्ताविरुद्ध रु ७८ लाख, पूर्वमन्त्री श्रेष्ठविरुद्ध रु ७८ लाख, मालपोत कार्यालय, कास्की, पोखराका तत्कालीन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीविरुद्ध रु ५३ लाख, घरजग्गा व्यवसायी/बिचौलिया प्रतिवादी सुजन लामा वा सुजनकुमार लामा भन्ने सुजनकुमार तामाङविरुद्ध रु ७८ लाख, प्रतिवादी खेम पुन भन्ने खमबहादुर पुनविरुद्ध रु २५ लाख, प्रतिवादी यामकुमारी गुरुङविरुद्ध रु ७८ लाख, प्रतिवादी तुल्सीराम बुढा मगरविरुद्ध रु ७८ लाख विगोसहित कसुर तथा सजायको मागदाबी गर्दै मुद्दा दायर गरेको हो ।रासस

# युक्रेनी आक्रमणले रूसी तेल उद्योगमाथि कडा दबाब

एएफपी

लन्डन । युक्रेनले हालका महिनाहरूमा रूसी रिफाइनरीहरू र तेल पूर्वाधारमाथि आक्रमण तीव्र पार्दै आएको छ । अगस्टको सुरुदेखि मात्रै ३० भन्दा बढी आक्रमण । आक्रमणको उद्देश्य मस्कोको युद्ध वित्तपोषण क्षमतालाई कमजोर पार्नु रहेको छ।

रुस विश्वको तेस्रो ठूलो तेल उत्पादक र दोस्रो ठूलो कच्चा तेल निर्यातकर्ता हो। अक्सफोर्ड इन्स्टिच्युट फर एनर्जी स्टडिजका अनुसार सन् २०२४ मा तेल र ग्यासबाट प्राप्त आम्दानीले रुसको कुल बजेटको करिब ३० प्रतिशत हिस्सा ओगटेको थियो ।ऊर्जा अनुसन्धान समूह क्ललरका विश्लेषक होमायुन फालक्षाहीका अनुसार किएभको आक्रमण अहिले 'धेरै प्रभावकारी' देखिएको छ, जसले रूसी रिफाइनरी उत्पादन दर करिब १० प्रतिशतले घटाएको छ।



अभावको जोखिम देखिँदै मस्कोले पेट्रोलियम उत्पादनहरूको निर्यातमा प्रतिबन्ध लगाएको छ र पेट्रोल निर्यातमाथिको रोकथाम विस्तार गरेको छ । रुसको रिफाइनरी उत्पादन सेप्टेम्बरको मध्यसम्म दैनिक ४९ लाख ब्यारेलमा झरेको छ । ऊर्जा विश्लेषक जानिव शाहका अनुसार यो सन् २०२५ को पहिलो छ महिनाको तुलनामा करिब चार लाख ब्यारेल कम हो।

यसले रूसी कच्चा तेल र परिष्कृत उत्पादनहरूको मूल्यबीचको अन्तरलाई उल्लेखनीय रूपमा बढाएको छ ।

पम्पमा पेट्रोलको मूल्यमा परेको असर रूसी उपभोक्ताले पहिले नै महसुस गरिरहेका छन्। रोसस्टाटका तथ्याङ्कअनुसार सेप्टेम्बर १ सम्म खुद्रा पेट्रोलको मूल्य सन् २०२४ को अन्त्यको तुलनामा ६.७ प्रतिशतले बढिसकेको छ। यद्यपि सोही अवधिमा कच्चा तेलको मूल्य घटेको थियो।

क्षतिग्रस्त तेल पूर्वाधारहरू पुनः सञ्चालनमा ल्याउन 'लामो समय' लाग्ने सम्भावना रहेकाले विश्लेषक शाहका अनुसार दीर्घकालमा रुसको स्थिति झनै बिग्रन सक्छ।

तेलको विश्वव्यापी मूल्य घट्दै गएको र बजारले आगामी महिनाहरूमा आपूर्ति प्रचुर मात्रामा हुने अपेक्षा गरेको समयमा यस्तो भइरहको छ । एसईबी बैंकका विश्लेषक बार्ने सिल्ड्रूपले भन्नुभयो, "युक्रेनले रूसी रिफाइनरीहरूमा आक्रमण क्षमतामा सुधार गर्दै जाँदा स्थिति अझ गम्भीर बन्दै जाने सम्भावना छ।" साथै उहाँले रूसी तेल निर्यात बन्द र घरेलु रेशनिङ (प्रत्येक व्यक्तिलाई निश्चित मात्रामा (वस्तु) मात्र राख्न दिइने अनुमति) को सुरुआत हुन सक्ने पनि चेतावनी दिनुभयो।

अमेरिकाका लागि युक्रेनका दूत किथ केलगले युक्रेनले अमेरिकी हतियार प्रयोग गरेर रुसमाथि लामो दूरीका आक्रमण गर्न सक्ने सङ्केत दिनुभएको छ ।रुसले केही तेल निर्यात पुनःमार्ग निर्धारण गर्न खोजे पनि यसले कठिन लजिस्टिक समस्या भोगिरहेको छ । साथै, यसको कच्चा तेल खरिद गर्न इच्छुक देशहरूको सङ्ख्या सीमित हुँदै गएको छ।

सरे क्लिन एनर्जी कन्सल्टेन्सीका निर्देशक आदि इमसिरोभिकका अनुसार मस्कोमाथि लगाइएको अन्तर ष्ट्रिय प्रतिबन्धहरूले अहिलेसम्म अपेक्षित प्रभाव पार्न सकेका छैनन्। "केही प्रतिबन्ध ढिलो कार्यान्वयन भएकाले राष्ट्रपति भ्लादिमिर पुटिनले समानान्तर व्यापार प्रणाली निर्माण गर्न पर्याप्त समय पाउनुभयो", उहाँले भन्नुभयो।

यसैबीच, वासिङ्टनले भारतका केही उत्पादनमा भन्सार शुल्क दोब्बर बनाउँदा पनि भारतको रूसी तेल खरिदमा खासै कमी आएको छैन । अर्कोतर्फ, पश्चिमी तेल कम्पनीहरू फिर्ता भएपछि रुसमा ऊर्जा पूर्वाधारमा लगानी घट्दै गएको छ, जसले निकट भविष्यमा उत्पादन क्षमतामा बाधा पुर्‍याउने देखिन्छ।

फालशाहीका अनुसार हाल रुसले दैनिक करिब ९२ लाख ५० हजार मिलियन ब्यारेल तेल उत्पादन गरिरहेको छ। यो युद्धअघि रहेको लगभग एक करोड ब्यारेल प्रतिदिन (एमबिपिडी) को तुलनामा कम हो । हाल यसको अधिकतम उत्पादन क्षमता ९४ लाख ५० हजार एमबिपिडीमा सीमित छ।

# मलेसियाविरुद्धको अन्तरराष्ट्रिय शृंखला नेपालले जित्यो



काठमाण्डु । मलेसियाविरुद्धको महिला टि-ट्वान्टी अन्तराष्ट्रिय शृंखला नेपालले जितको छ।

मलेसियाको बायोमास क्रिकेट ओभल मैदानमा बुधबार सम्पन्न पाँचौँ तथा निर्णायक खेलमा मलेसियालाई पाँच विकेटले पराजित गरेसँगै नेपालले पाँच खेलको उक्त शृङ्खला जितेको हो । यस जितसँगै नेपालले पाँच खेलको शृङ्खला ३-२ ले आफ्नो पक्षमा पार्न सफल भयो।

यसअघिको खेलमा मलेसिया तीन र १३ रनले विजयी हुँदा यता नेपालले दुवै खेलमा ६ विकेटको जित हासिल गरेको थियो । मलेसियाले प्रस्तुत गरेको १०४ रनको लक्ष्य पच्छाएको नेपालले १८ ओभरमा पाँच विकेट गुमाउँदै लक्ष्य पूरा गर्यो। नेपालका लागि रुवि पोदारले २६, पूजा महतोले २३, रुविना क्षेत्रीले अविजित १५ तथा सम्झना खड्काले १३ रन बनाए।

मलेसियाका लागि आइन हामिजा हसिम, नुर डानिया स्युहदा, आइसा एलिसा फिर्डाजु र नुर आल्याले समान एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको मलेसियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय तीन रनको योगफल बनाएको थियो । मलेसियाका लागि विनिफ्रेड दुराइसिंघमले सर्वाधिक ४० रनको योगदान दिइन। त्यसैगरी माहिरा इज्जती इस्माइलले १९, आइन हामिजा हसिमले १५ र नुर डानिया स्युहदाले ११ रन बनाए।

नेपालका लागि कविता कुँवर र राजमति ऐरीले समान तीन/तीन विकेट लिए भने रचना चौधरीले एक विकेट लिइन् ।रासस

## बाल संरक्षण कि गोपनीयता ? :

# इयुका लागि निर्णायक समय

एएफपी

ब्रसेल्स। के बालबालिकाको सुरक्षाको नाममा निजी सन्देशहरूमा जासुसी गर्नु उचित हुन्छ ? अनलाइन बाल यौन दुर्व्यवहार सामग्रीविरुद्ध लड्ने प्रस्तावबारे निर्णय लिन जुटेको बेला युरोपेली सङ्घ (इयु) का सदस्य देशहरूले बुधबार यही संवेदनशील प्रश्नको सामना गर्न लागेका छन्।

ब्रसेल्समा भएको बैठकले सन् २०२२ मेमा युरोपेली आयोगले अघि सारेको विधायी प्रस्तावको भाग्य टुङ्ग्याउने सम्भावना राख्छ। उक्त प्रस्तावले अनलाइन प्लेटफर्महरू र सन्देश सेवाहरूलाई बाल दुर्व्यवहारसँग सम्बन्धित तस्बिर, भिडियो र नाबालिगहरूसँग सम्पर्क गर्न खोज्ने प्रयासहरू पत्ता लगाई रिपोर्ट गर्न बाध्य पार्नेछ। यसलाई धेरै बाल संरक्षण समूहहरूले समर्थन गरेका छन्।



तर इयुका आफ्नै डेटा संरक्षण अधिकारीहरू, कानून निर्माताहरू र जर्मनीजस्ता देशहरूले भने यसले गोपनीयताको अधिकारमा 'असमान खतरा' ल्याउने चेतावनी दिएका छन्। सिग्नल र ह्वाट्सएपजस्ता इन्क्रिप्टेड सन्देश सेवामा स्क्यानिङ प्रविधि प्रयोग हुने सम्भावनाले उनीहरू विशेष रूपमा चिन्तित छन्।

जर्मन कार्यकर्ता तथा इयुका पूर्व सांसद प्याट्रिक ब्रेयरले भन्नुभयो, "यसले पत्राचारको गोपनीयताको अन्त्य गर्नेछ, जुन खबरदारी गर्नेहरूको सुरक्षाका लागि अत्यावश्यक छ।" उहाँका अनुसार ठूलो चिन्ता भनेको यस्तो कानून अधिनायकवादी शासनहरूले राजनीतिक विरोधीहरूको निगरानीका लागि दुरुपयोग गर्न सक्ने खतरा हो।

सन्देश सेवाहरूका सञ्चालकहरूले पनि प्रस्तावको कडा विरोध गर्दै यसलाई सामूहिक निगरानीको अभ्यास भनेका छन्। 'स्टप च्याट कन्ट्रोल' नामक अभियानमार्फत विपक्षीहरूले इयु अधिकारीहरूमा दबाब सिर्जना गरिरहेका छन्। एक इयु कूटनीतिज्ञले नाम नखुलाउने सर्तमा एएफपीलाई भने, "मैले यसअघि कुनै पनि प्रस्तावमा यति धेरै प्रतिक्रिया देखेको थिइनँ। हामी दैनिक हजारौँ इमेलहरू प्राप्त गरिरहेका छौँ।"

हाल इयुको अध्यक्षता सम्हालेको र प्रस्तावको नयाँ मस्यौदा तयार पारेको डेनमार्कले भने आवश्यक सुरक्षा उपायहरू समावेश गरिएकोमा जोड दिएको छ । त्यसका अनुसार केवल छविहरू र लिङ्कहरू मात्र स्क्यान हुनेछन्, पाठ सन्देश होइन। साथै, स्वतन्त्र न्यायिक वा प्रशासनिक निकायको निर्णयपछि मात्र स्क्यानिङ प्रणाली सक्रिय गरिनेछ।

"हामी स्पष्ट हुन चाहन्छौँ—यो प्रस्ताव अन्तर्गत अनलाइन सञ्चारको सामान्य अनुगमन हुँदैन, 'च्याट कन्ट्रोल' भन्ने कुरा हुनेछैन", युरोपेली आयोगका प्रवक्ता मार्कस ल्यामर्टले भन्नुभयो, "यो त हाम्रा बालबालिकाहरूलाई अनलाइन हुँदै फैलिँदै गएको एक भयानक अपराधबाट जोगाउने प्रयास हो।"

बेलायतस्थित इन्टरनेट वाच फाउन्डेसनको एक अध्ययनले गत वर्ष पत्ता लागेका बाल यौन दुर्व्यवहार सामग्रीमध्ये ६२ प्रतिशत युरोपभित्रका सर्भरहरूमा रहेको देखाएको छ। हालको कानूनी व्यवस्था अनुसार प्लेटफर्महरूले स्वेच्छिक रूपमा यस्ता सामग्री हटाउँछन्, तर आयोगका अनुसार यो पर्याप्त छैन ।सन् २०२६ अप्रिलसम्म विद्यमान कानूनी ढाँचा कायम रहनेछ, तर नयाँ प्रस्ताव स्वीकृत भएमा त्यस्तो सामग्री पत्ता लगाउने काम अनिवार्य हुनेछ। अब निर्णयको केन्द्र जर्मनीमा पुगेको छ।

यदि बर्लिनले प्रस्तावलाई समर्थन गर्‍यो भने यो इयुको योग्य बहुमत मतदान प्रणालीअन्तर्गत पारित हुन सक्नेछ र अर्को हप्ताको लक्जमबर्ग बैठकमा औपचारिक रूपमा स्वीकृत हुनेछ । तर यदि जर्मनी अनुपस्थित रह्यो वा विरोधमा रह्यो भने प्रस्ताव पुनः प्रारम्भिक चरणमा फर्किनेछ र यसको भविष्य अनिश्चित हुनेछ ।वार्तामा संलग्न अधिकारीहरूले जर्मनीले केही घण्टाभित्रै आफ्नो अन्तिम धारणा सार्वजनिक गर्ने विश्वास व्यक्त गरेका छन्।

# इक्वेडरका राष्ट्रपति नोबोआमाथि आक्रमण, नोबोआ सुरक्षित

एएफपी

क्विटो । इक्वेडरका राष्ट्रपति डेनियल नोबोआ आफ्नो मोटरकाडमाथि ढुङ्गा र सम्भावित गोली प्रहार हुँदा सकुशल बच्नुभएको छ। इन्धनको मूल्यवृद्धिको विरोधमा प्रदर्शनकारीहरूले मङ्गलबार उहाँको सवारीमाथि आक्रमण गरेका थिए।

राष्ट्रपति नोबोआ मध्य इक्वेडरमा पानी प्रशोधन संयन्त्रको उद्घाटन कार्यक्रममा सहभागी हुनुभएको बेला करिब पाँच सय प्रदर्शनकारीले सडक अवरुद्ध गर्दै ढुङ्गा प्रहार गरेका थिए।

वातावरण मन्त्री इनेस मन्जानोका अनुसार राष्ट्रपतिको गाडीमा गोलीका निशानहरू भेटिएका छन्। उहाँले पाँच जनालाई पक्राउ गरिएको र तिनीहरूलाई आतङ्कवादको मुद्दामा कारबाही हुने बताउनुभयो, जसको सजाय अधिकतम ३० वर्षसम्म हुन सक्छ ।मन्त्री मन्जानोले भन्नुभयो, "यस प्रकारका हिंसात्मक प्रदर्शनहरू स्वीकार्य होइनन् । हामीलाई शान्तिपूर्ण विरोध चाहिएको हो।"



सरकारद्वारा जारी गरिएको भिडियोमा प्रदर्शनकारीहरू सडकमा झण्डा बोकेर ढुङ्गा र ईँटा सङ्कलन गर्दै राष्ट्रपतिको गाडीमा प्रहार गरिरहेको देखिन्छ। भिडियोमा 'तल झर !' भन्ने आवाजसँगै मोटरकाड तीव्र गतिमा अघि बढेको सुन्न सकिन्छ ।अधिकारीहरूले राष्ट्रपति सवारबख्तरबन्दशेभ्रोलेटउपनगरीयमा लागेको केही निशान गोलीका हुन् वा होइनन् भन्नेबारे अनुसन्धान भइरहेको जनाएका छन्।

यो आक्रमण डिजेलको मूल्यवृद्धिविरुद्ध बढ्दै गएको आन्दोलनका बीच भएको हो। प्रदर्शनकारीहरूले सडक अवरुद्ध गर्दै १६ जना सैनिकलाई अपहरण गरेका थिए। उनीहरूलाई पछि सकुशल रिहा गरिएको छ । इक्वेडरको सबैभन्दा ठूलो आदिवासी सङ्गठनले हालैको च्यालीमा सुरक्षा निकायको गोलीबाट एक प्रदर्शनकारीको मृत्यु भएको दाबी गरेको छ । हालसम्म प्रदर्शनमा एक सयभन्दा बढी घाइते भएका छन्।

राष्ट्रपति नोबोआले हिंसात्मक परिस्थितिलाई नियन्त्रणमा लिन विभिन्न प्रान्तमा आपत्काल घोषणा गर्नुभएको छ । आदिवासी सङ्घ-कन्फेडेरेसन अफ इन्डिजिनियस नेसनालिटीज अफ इक्वेडर-ले भने राष्ट्रपतिको सवारी 'प्रतिरोध क्षेत्रमा प्रवेश गरेर' झडप उत्पन्न भएको र सरकार 'युद्ध नीति' लाई औचित्य दिने प्रयासमा रहेको आरोप लगाएको छ।

सङ्गठनले 'न्याय र सम्मानका साथ सङ्कट समाधान गर्न' आग्रह गरेको छ।

नोबोआको कार्यालयले सामाजिक सञ्जालमा आक्रमणपछि 'कायरतापूर्ण कार्यहरूले राष्ट्रपतिलाई रोक्न नसक्ने' बताउँदै वक्तव्य जारी गरेको छ । उहाँले पनामा, कोस्टारिका, पेरु र बोलिभियालगायत छिमेकी मुलुकहरूबाट प्राप्त समर्थन र एकताको सन्देशको कदर गर्नुभएको छ।

हालै पुनः निर्वाचित राष्ट्रपति नोबोआले सरकारी खर्चमा करिब एक अर्ब डलर बचत गर्न डिजेल अनुदान कटौती गर्नुभएको छ। यसको ठूलो भाग राष्ट्रिय सुरक्षा कोषमा विनियोजन गर्न लागिएको छ।

कुनै समय ल्याटिन अमेरिकाको सबैभन्दा सुरक्षित देश मानिने इक्वेडर पछिल्ला वर्षहरूमा हिंसाको भयानक वृद्धिले त्रसित बनेको छ। कोलम्बिया र पेरु दुवै प्रमुख कोकेन उत्पादक राष्ट्रबीचको भौगोलिक अवस्थाका कारण इक्वेडर हाल लागुऔषध तस्करीको प्रमुख मार्ग बनेको छ । अधिकारीहरूले अपराधी गिरोहहरूले विरोध प्रदर्शनलाई अस्थिरता फैलाउने साधनका रूपमा प्रयोग गरिरहेको आरोप लगाएका छन्।

अनुमान अनुसार विश्वको करिब ७० प्रतिशत कोकेन आपूर्ति इक्वेडर हुँदै जान्छ । यसको ठूलो हिस्सा संयुक्त राज्य अमेरिकातर्फ पठाइन्छायसअवैधव्यापारमामेक्सिकोको सिनालोआ कार्टेल, इटालीको न्ड्राङ्गेटा र अल्बानियाको माफियासहितका अन्तर्राष्ट्रिय आपराधिक सञ्जालहरू संलग्न छन् । तस्करी मार्गमा नियन्त्रणका लागि भइरहेको तीव्र प्रतिस्पर्धाले इक्वेडरलाई अहिले क्षेत्रको सबैभन्दा खतरनाक देशमध्ये एक बनाइदिएको छ।

राष्ट्रपति नोबोआले सन् २००९ मा लगाइएको विदेशी सैन्य आधार प्रतिबन्ध हटाउने र अमेरिकी सेनालाई पुनः देशमा फिर्ता ल्याउने प्रस्तावसहित जनमत सङ्ग्रहको आह्वान गर्नुभएको छ।

## पहिलो पटक ४ हजार डलर नाघ्यो सुन :

# लगानीकर्ताहरू सुरक्षित स्थानमा

एएफपी

हङकङ। अमेरिकी ब्याजदर कटौतीको अपेक्षा र सरकारको आंशिक सटडाउनको चिन्ताबीच लगानीकर्ताहरू सुरक्षित स्थानतर्फ लागेपछि बुधवार सुनको मूल्यले इतिहासमै पहिलो पटक चार हजार डलर पार गरेको छ।

टेक कम्पनीहरूको तीव्र उकालो रेकर्डमा पुगेपछि अब ती बजारहरू अत्यधिक मूल्याङ्कनमा पुगेको चिन्तासँगै सुनमा लगानी बढेको हो। वर्षभरि व्यापारीहरू विश्वव्यापी आर्थिक अनिश्चितता, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीति र भू-राजनीतिक तनावबीच सुनमा निर्भर रहँदै आएका छन्। परिणामस्वरूप सुनको मूल्य यस वर्ष मात्र ५० प्रतिशतभन्दा बढीले बढिसकेको छ।

फ्रान्समा प्रधानमन्त्रीको राजीनामा र राष्ट्रपति इमानुएल म्याक्रोनमाथिको राजनीतिक दबाबले पनि सुनलाई थप आकर्षक बनाएको थियो। लामो समयदेखि अस्थिरताका समयमा सुरक्षित सम्पत्ति मानिँदै आएको सुन बुधबार चार हजार ३७ दशमलव १० डलरसम्म पुगेको छ। यससँगै चाँदी पनि आफ्नै रेकर्ड नजिक पुगेको छ।

अमेरिकी सरकारका केही विभागहरू बन्द हुँदा लगानीकर्तामा अनिश्चितता बढेको छ। यसले विशेषतः रोजगारी सम्बन्धी प्रमुख आर्थिक तथ्याङ्कहरू स्थगित गरेको छ र अमेरिकी केन्द्रीय बैंक 'फेडरल रिजर्भ' लाई ब्याजदरसम्बन्धी निर्णयमा अन्योलमा पारेको छ।

# हमास-इजरायल वार्तामा आशावाद, कैदीहरू आदानप्रदानको तयारी

एएफपी

कायरो । हमासले बुधबार गाजा युद्धको अन्त्यका लागि इजरायलसँग भएको अप्रत्यक्ष वार्तामा 'आशावाद' व्याप्त रहेको र समझदारीको एक हिस्साका रूपमा इजरायली बन्धकहरू मुक्त गर्न बदलामा रिहा गर्न चाहिएको कैदीहरूको सूची पेस गरेको जानकारी दिएको छ।

वार्ताको उद्देश्य गत महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अघि सारेको २०-सूत्रीय शान्ति प्रस्ताव कार्यान्वयन गर्ने योजनालाई अघि बढाउनु हो। यसमा युद्धविराम, सबै बन्धकहरूको रिहाइ, हमासको निःशस्त्रीकरण र गाजाबाट क्रमिक रूपमा इजरायली फिर्तीको प्रावधान रहेको छ।

बुधबारको वार्तामा कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानी, टर्कीका गुप्तचर प्रमुख इब्राहिम कालिन, ट्रम्पका विशेष मध्यपूर्व दूत स्टिभ विटकफ र राष्ट्रपतिका ज्वाइँ जारेड कुशनर उपस्थित हुनुहुन्थ्यो । हमासका वरिष्ठ अधिकारी ताहेर अल-नुनुले मध्यस्थकर्ताहरूले युद्धविराम कार्यान्वयनमा अवरोध हटाउन ठूलो प्रयास गरिरहेको र सबै पक्षमा आशाको भावना रहेको बताउनुभयो।

हमासले युद्धविरामको पहिलो चरणमा रिहा गर्न चाहने कैदीहरूको सूची पेस गरेको छ। बदलामा, हमासले जीवित र मृत दुवै ४७ जना इजरायली बन्धकहरूलाई रिहा गर्ने तयारी गरेको छ। उनीहरूलाई हमासद्वारा सन् २०२३ अक्टोबर ७ मा इजरायलमा भएको आक्रमणमा कब्जा गरिएको थियो । ट्रम्पले यस अवसरमा 'मध्यपूर्वमा शान्ति पाउने वास्तविक सम्भावना छ' भनी आशावादी टिप्पणी गर्नुभएको छ । हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा इजरायली सैन्य अभियानमा कम्तीमा ६७ हजार १६० जनाको मृत्यु भएको छ। तथ्याङ्कले नागरिक र लडाकुबीच भिन्नता देखाउँदैन, तर मृतकमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेका छन्।



विश्वव्यापी दबाब र प्रदर्शनहरू युद्ध अन्त्यका लागि बढिरहेका छन्। प्यालेस्टाइन समर्थकहरूले विश्वभरि सयौँ हजार मानिसहरूसँग प्रदर्शन गरेका छन् । गाजाका बासिन्दाहरूको जीवन र बालबालिकाको शिक्षा युद्धले प्रभावित भएको छ।

वार्ताको महत्त्वपूर्ण विषय प्यालेस्टिनी कैदीहरूको नाम र आदानप्रदानको प्रक्रिया हुनेछ । हमासले फताह आन्दोलनसँगको उच्च-प्रोफाइल कैदी मारवान बारघौतीलाई रिहा गर्न चाहेको छ। उनी सन् २००२ देखि जेलमा छन् र २००४ मा हत्या आरोपमा आजीवन कारावासको सजाय पाएका थिए।

हमासका शीर्ष वार्ताकार खलिल अल-हयाले समूहले 'राष्ट्रपति ट्रम्प र प्रायोजक देशहरूबाट युद्ध एक पटक र सबैका लागि समाप्त हुने ग्यारेन्टी' चाहेको बताउनुभएको छ । वार्तामा इजरायली पक्षसँग सेना फिर्ता गर्ने प्रारम्भिक नक्सा तथा बन्धक-कैदी आदानप्रदानको संयन्त्र र समयतालिकाबारे छलफल भएको प्यालेस्टिनी स्रोतले बतायो।

# 'सिएमसी क्यान्सर इन्स्टिच्युट'द्वारा स्तन क्यान्सरको निःशुल्क परीक्षण सुरु

चितवन । विश्व स्तन क्यान्सर सचेतना महिनाको अवसरमा चितवन मेडिकल कलेज (सिएमसी)को भगिनी संस्था 'सिएमसी क्यान्सर इन्स्टिच्युट'ले निःशुल्क रुपमा स्तन क्यान्सरको परीक्षण सुरु गरेको छ।

हरेक वर्ष 'अक्टोबर' महिनामा विभिन्न कार्यक्रमसहित विश्व स्तन क्यान्सर सचेतना महिनाको रुपमा मनाइने गरेको सन्दर्भमा सो इन्स्टिच्युटले यसरी निःशुल्क स्वास्थ्य परीक्षण थालनी गरेको जनाएको छ।

सिएमसीसम्बद्ध सो इन्स्टिच्युटले आज यहाँ पत्रकार सम्मेलन आयोजना गरी स्तन (ब्रेष्ट) क्यान्सरसम्बन्धी जनचेतना जगाउने, समयमै रोगको पहिचान र उपचार गर्ने, स्तन क्यान्सरबाट हुने धनजनको क्षति न्यूनीकरण तथा नियन्त्रण गर्न सघाउन पुऱ्याउने उद्देश्यले निःशुल्क रुपमा स्वास्थ्य परीक्षण सुर गरेको स्पष्ट गरेको छ।

सिएमसीका प्रमुख कार्यकारी अधिकृत प्रताप देवकोटाले 'अक्टोबर'महिनामा स्तनक्यान्सरको परीक्षण गर्न आउनेहरुलाई बहिरङ्ग सेवाअन्तर्गतको टिकट निःशुल्क गरिएको जानकारी दिँदै सामाजिक उत्तरदायित्वलाई समेत दृष्टिगत गरी अस्पतालले जनचेतनामूलक कार्यक्रमसहित यसरी निःशुल्क सेवा प्रदान गरेको बताउनुभयो।



उहाँले भन्नुभयो, "तालिमप्राप्त स्वास्थ्यकर्मीबाट स्तनमा गाँठागुँठी छ, छैन भन्ने पहिचान गरी स्वास्थ्य परीक्षण गरिन्छ । शङ्कास्पद देखिएका बिरामीलाई थप परीक्षणको समेत व्यवस्था मिलाइएको छ। विशेष उपकरणमार्फत स्तनको क्यान्सर भए,नभएको पत्ता लगाउने परीक्षण विधि 'मेमोग्राम' र भिडियो एक्सरेतर्फ ५० प्रतिशत छुट दिने उहाँले जानकारी दिनु।"

स्तन आफैँले छामेर समेत गाँठागुँठी छ, छैन पत्ता लगाउन सकिन्छ भन्दै अस्पतालका मेडिकल अङ्कोलोजिष्ट डा सुदीप थापाले स्तनमा गाँठागुँठी छन् भने एकपटक राम्रोसँग परीक्षण गर्न सुझाव दिनुभयो। विशेषगरी ३० वर्षमाथिका महिलाले हरेक वर्ष कम्तीमा एकपटक स्तनको परीक्षण गर्नुपर्ने उहाँका सुझाव थियो।

डा थापाले भन्नुभयो, "क्यान्सर रोगको हकमा जति छिटो पहिचान गर्न सकियो उति छिटो निको हुन्छ। यसको निको हुने दर पनि उच्च रहेको छ, नियमित परीक्षण गर्न र समस्या देखिए समयमै उपचार गरी सुरक्षित रहन सबैसँग अनुरोध छ। स्तन क्यान्सरको नियमित जाँचसहित पहिचन र उपचारका पक्षमा सक्दो सहयोग गर्न सिएमसी अस्पताल तयार छ।"सिएमसी अस्पतालका क्यान्सर रोग विशेषज्ञ डा सुवास ठाकुरले शल्यक्रिया, केमो थेरापी र रेडियो थेरापी गरी तीन विधिबाट क्यान्सर रोगको उपचार गर्न सकिने बताउनुभयो।

स्तन क्यान्सर पहिचान भइसकेपछि तीन वटै विधाका चिकित्सकहरुको छलफलका आधारमा कुनै एक विधि अपनाएर उपचार प्रक्रिया सुर हुने उहाँले स्पष्ट गर्नुभयो। यस वर्ष "हरेक कथा अद्वितीय छ, हरेक यात्राको अर्थ छ", भन्ने नाराका साथ विश्व स्तन क्यान्सर सचेतना महिनाका रुपमा विभिन्न कार्यक्रम गरी मनाइने भएको पत्रकार सम्मेलनमा बताइयो।रासस

# दसैं अवधिमा एक करोड बढीको खाद्यान्न बिक्री

कर्णाली । कर्णाली प्रदेशस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सुर्खेतले दसैं अवधिमा रु एक करोड बढीको खाद्यान्न बिक्री गरेको छ।

भदौ ३० गतेदेखि सुपथ मूल्य पसल राखेर बिक्री सुरु गरेको व्यापार कम्पनीले दुई सातामा रु एक करोड १३ लाख पाँच हजार ७९१ मूल्य बराबरको खाद्यान्न बिक्री गरेको हो। यस लिटर तेलको कोटा निर्धारण गरिएको छ । आइरन, जिङ्क, भिटामिन ए, फोलिक एसिड, भिटामिन बी-१२, थायमिन, नियासिन र पाइरिडक्सिनलगायत पौष्टिक तत्वयुक्त सुदृढ चामलमा पछिल्लो समयमा नागरिकहरुको आकर्षण बढ्दै गएको छ।"

सरकारले कर्णालीका नागरिकहरुको कुपोषण घटाउने उद्देश्यका साथ फोर्टिफाइड (सुदृढ) चामल वितरणमा जोड




अघि हरेक दिन करिब रु एक लाखको दरले बिक्री गरेकोमा दसैं अवधिमा दैनिक रु १५ लाख बराबरको खाद्यान्न बिक्री गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी कर्णाली प्रदेश सुर्खेतका प्रादेशिक प्रमुख केशवराज बुढाले जानकारी दिनुभयो । उहाँका अनुसार दसैं तथा तिहारलाई लक्षित गरेर सहुलियत दरमा खाद्यान्न बिक्री सुरु गरेपछि दश गुणाले कारोबार वृद्धि भएको छ।

बुढाले भन्नुभयो, "दसैं तथा तिहारका लागि १५ हजार ५०० क्विन्टल चामल, १७ हजार क्विन्टल चिनी र २२ हजार दिएको छ। चालु आर्थिक वर्षका लागि सरकारले कर्णालीका नौ जिल्लामा पुग्ने गरी एक लाख क्विन्टल खाद्य अनुदान कोटा छुट्याएको उहाँले बताउनुभयो।

व्यापार कम्पनीका सूचना अधिकारी शोभा रेग्मीले भदौ ३० गतेयता ८३५ क्विन्टल चामल, १३१ दशमलव ११ क्विन्टल चिनी र अठार हजार ६६० लिटर तेल बिक्री भएको बताउनुभयो। नागरिकका लागि सहुलियत दरमा खाद्य वितरण सेवा आगामी कात्तिक १० गतेसम्मका लागि प्रवाह गरिने कम्पनीले जनाएको छ।रासस

# सौराहा आउन थाले पर्यटक



Photo: Sergi Reboredo/Alamy

चितवन । सौराहाको युनिक वाइल्ड रिसोर्टमा आज ३० जना तेस्रो मुलुकका पर्यटक आउँदै गरेको भन्दै सञ्चालक गुणराज थपलियाले खुसी व्यक्त गर्नुभयो। गत वर्षहरुमा यतिबेला पर्यटकले भरिभराउ हुने सौराहामा यस वर्ष दसैंभरको सुनसानपछि पर्यटक आउन थालेसँगै होटल व्यवसायीहरुमा केही उत्साह थपिएको छ।

यहाँको अत्यन्तै राम्रो पर्यटकीय मौसममा राजनीतिक परिवर्तन र ठाउँ-ठाउँको पहिरोका कारण पर्यटकहरुले बुकिङ रद्द गरेपछि व्यवसायी निरास भएका थिए । क्षेत्रीय होटल सङ्घका उपाध्यक्षसमेत रहनुभएका थपलियाले मङ्गलबारदेखि आन्तरिक र बाह्य पर्यटक आउन थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "दसैंको समयमा पाँच प्रतिशत हाराहारी मात्र पर्यटक भएकामा हिजोदेखि राम्रो बढ्दै गएको छ ।" आजको अवस्था हेर्दै गर्दा ३० प्रतिशत हाराहारी पर्यटक पुगेको उहाँको भनाइ छ।

गत वर्ष यो समयमा सौराहामा ८० प्रतिशत हाराहारी पर्यटक पुग्ने गर्दथे। क्षेत्रीय होटल सङ्घका अध्यक्ष ओम पाण्डेले आफ्नो होटल ल्याण्डमार्कसहित होटलहरुमा पर्यटक आउन थालेको बताउनुभयो । जेनजी आन्दोलनअघि नेपाल आएका पर्यटक सडक राम्रो भएसँगै सौराहा आउन थालेको उहाँ बताउनुहुन्छ। नेपालीहरु न्यून भए पनि विदेशीको सङ्ख्या बढ्दो छ। उहाँले भन्नुभयो, "बुकिङ राम्रो नभए पनि सोझै आउनेहरु वढ्न थालेका छन्।" साह्रै न्यून पर्यटक रहेकामा केही आउन थालेपछि आफूहरुमा आशा जगाएको पाण्डे बताउनुहुन्छ।

जङ्गल सफारी लजका सञ्चालक सुमन घिमिरे क्रमशः पर्यटक आउन थालेको बताउनुहुन्छ। तिहारसँगै स्वदेशी पर्यटकको सङ्ख्या बढ्ने उहाँको अनुमान छ। उहाँले भन्नुभयो, "आन्तरिक तथा बाह्य पर्यटक क्रमशः बढ्ने हामीले अपेक्षा गरेका छौं ।" निकुञ्जभित्रको जङ्गल सफारीसमेत खुलेकाले यहाँ आउने पर्यटक बढेको उहाँले बताउनुभयो । चितवन आउन चाहने पर्यटकका लागि सबैतिरका सडक सञ्जाल राम्रो भएको भन्दै उहाँले बिदाका दिनमा पर्यटकको आगमन बढ्ने बताउनुभयो।

होटल भिष्टाका सञ्चालक रमेश सिलवाल आज मात्रै १४ जना टेलिफोन गरेर सौराहा आउँदै गरेको बताउनुहुन्छ । विभिन्न माध्यमबाट बुझ्ने क्रम सुरु भएकाले अब पर्यटक बढ्नेमा आफु विश्वस्त रहेको उहाँको भनाइ छ । सौराहाका पर्यटन व्यवसायी दीपेन्द्र खतिवडा रेष्टुराँहरुमा पर्यटकको आगमन बढेको बताउनुहुन्छ । हात्ती सफारी गर्नेहरु पनि क्रमशः बढ्दै गएको उहाँको भनाइ छ।

विगत वर्षहरुमा दसैंको समयमा हात्ती चढ्नेहरुका लागि पुऱ्याउन मुस्किल हुने गरेको भए पनि यस वर्ष दसैंभर सुनसान अवस्थामा रहेको उहाँले बताउनुभयो।

चितवन राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटक बस्नका लागि सौराहा आउने गर्दछन् । उनीहरु निकुञ्ज र सामुदायिक वनमा सफारी गर्ने गर्दछन् । दुर्लभ वन्यजन्तु एक सिङ्गे गैंडा, पाटे बाघलगायतका जनावार हेर्न उनीहरु रुचाउँछन् । यो निकुञ्ज सफारीका लागि विश्वमा नै परिचित छ।रासस

# व्यावसायिक मौरीपालनमा किसान आकर्षित

भोजपुर । यहाँका किसान पछिल्लो समय व्यावसायिक मौरीपालनतर्फ आकर्षित भइरहेका छन्। एकपटक लगानी गरेर सामान्य हेरचाह मात्र गरे पुग्ने, लागत कम लाग्ने र बजारमा सजिलै माग हुने भएकाले मौरीपालन किसानको रोजाइको पेसा बन्दै गएको हो।

परम्परागत खेतीसँगै नयाँ सम्भावना खोजिरहेका किसानले अहिले मौरीपालनलाई आयआर्जनको प्रमुख साधन बनाउन थालेका छन् । टेम्केमैयुङ, पौवादुङमा, रामप्रप्रसादराई गाउँपालिकासँगै प्रायः यहाँ सबै स्थानीयतहका किसानहरुले मौरीपालन गर्दै आएका छन्।

रामप्रसादराई गाउँपालिका-६ वैकुण्ठेमा मौरीपालनको विशेष सम्भावना देखिन्छ । यहाँका अधिकांश किसान अहिले व्यावसायिक मौरीपालनमा संलग्न छन् । नजिकै प्रशस्त वनजङ्गल, फूल फुल्ने वातावरण र मौरीको लागि उपयुक्त मौसम भएकाले बाक्चाखा, भामला, छापगाउँलगायत स्थानीय व्यवसायिक मौरीपालनमा लागेका छन्।



स्थानीय सरकारको पहलले मौरीपालन अझै सहज बनेको छ । रामप्रसादराई गाउँपालिका-६ का अध्यक्ष एकराज आचार्यका अनुसार किसानलाई आधुनिक मौरीपालनमा प्रोत्साहित गर्न दुई चरणमा तालिम दिइएको छ । तालिममा सहभागीले आधुनिक मौरीघार बनाउने, मौरीको हेरचाह गर्ने, रोग व्यवस्थापन र मह संकलन गर्ने प्रविधि सिकेका छन्।

"विगतमा किसानले आ-आफ्नै तरिकाले मुढेघारमा मौरी पाल्दै आएका थिए", वडाध्यक्ष आचार्यले भन्नुभयो, "अहिले हामीले उनीहरूलाई प्रविधिमैत्री मौरीपालनमा लैजाँदै छौँ। यसले किसानको आम्दानी बढाउन मद्दत गर्नेछ।"

स्थानीय किसान शरणकुमार वोहोरा व्यावसायिक मौरीपालनमा जुट्नु भएका उदाहरणीय पात्र हुनुहन्छ । उहाँले तालिम लिएपछि आधुनिक घार निर्माण सुरु गर्नु भएको छ । अहिले उहाँसँग ३५ वटा मौरीघार छन् । "पहिले मुढेघारमै मौरी पाल्थैं, उत्पादन पनि कम हुन्थ्यो, अहिले आधुनिक घारमा मौरी राख्दा उत्पादन बढी छ । मौरीले मेरो आयआर्जनमा परिवर्तन ल्याएको छ", उहाँले भन्नुभयो।

गाउँपालिका अध्यक्ष थामबहादुर राईका अनुसार मौरीपालनलाई प्रोत्साहित गर्न नीति तथा कार्यक्रममा प्राथमिकतासहित समावेश गरिएको छ।

"मौरीपालनसहित कृषि व्यवसायलाई आत्मनिर्भर र व्यावसायिक बनाउन योजनाबद्ध रूपमा काम भइरहेको छ"। अध्यक्ष राइले भन्नुभयो, "किसानलाई आवश्यक प्राविधिक ज्ञान र उपकरण उपलब्ध गराइएका छौँ । यसले गाउँमा रोजगारी सिर्जना गर्नुका साथै गाउँको अर्थतन्त्रलाई सबल बनाउनेछ।"

वैदेशिक रोजगारीमा जाने विकल्पभन्दा गाउँमै बस्ने वातावरण मौरीपालनले बनाएको किसानहरू बताउँछन् । बजार विस्तार, गुणस्तरीय प्याकेजिङ र ब्राण्डिङ गर्न सके भोजपुरमा उत्पादित मह देशभरि मात्र नभई विदेशमा पनि पुऱ्याउन सकिने सम्भावना रहेको मौरीपालक किसानको भनाइ छ।रासस

# सिंगामा उत्पादित दूध पोखरामा



म्याग्दी । म्याग्दीको बेनी नगरपालिका-४ सिंगामा उत्पादन भएको दूध पोखरामा पठाउन हुन थालिएको छ। गाउँमा उत्पादन भएको दूध स्थानीय बजारमा खपत हुन नसकेपछि बास्कुना कृषि सहकारीले दूध सङ्कलन गरेर पोखराको सुजल डेरी उद्योगलाई बिक्री गर्न थालेको हो। वडा कार्यालयको पहलमा कृषि सहकारी र सुजल डेरी प्रालिबीचमा दूध उत्पादन तथा खरिदबिक्रीको सम्झौता गरी म्याग्दीबाट पहिलोपटक व्यावसायिक रुपमा दूध पोखरा पठाउन सुरु गरिएको सहकारीका अध्यक्ष तिलक गुरुङले जानकारी दिनुभयो।

म्याग्दीको स्थानीय बजारमा गाईको दूध खपत नहुने भएपछि सहकारीले कृषकहरुबाट दूध सङ्कलन गर्ने र उद्योगले आफैं आएर दूध खरिद गरेर लैजाने व्यवस्था मिलाइएको अगुवा कृषक समेत रहनुभएका सहकारीका अध्यक्ष गुरुङले बताउनुभयो। "अहिलेसम्म भैंसीको दूध मात्रै बेनीमा खपत हुने गरेको थियो, अब गाई र भैंसीको दूध नै बिक्री हुने सुनिश्चित भएको छ, कृषकले जति उत्पादन गरे पनि उद्योगले दूध खरिद गर्ने सम्झौता भएको छ", उहाँले भन्नुभयो।


बास्कुना कृषि सहकारी सस्थाले सिंगाको पुलचोकमा दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना गरेको छ। कृषकहरुले हरेक दिन केन्द्रमा दूध सङ्कलन गर्ने र ५०० लिटर बढी दूध सङ्कलन भएपछि उद्योगले आफैं ढुवानी गरेर दूध लैजाने व्यवस्था मिलाइएको छ । मङ्गलबार पहिलो दिन ७५० लिटर दूध उद्योगले खरिद गरेर लगेको सहकारीले जनाएको छ। दुग्ध सङ्कलन केन्द्रमा अहिले २० जना कृषकहरुले दैनिक रुपमा दूध बिक्री गर्न ल्याउन सुरु गरेका छन्। सुजल डेरी उद्योगको दूध ढुवानी गर्ने ट्याङ्कर अहिले दुई दिनमा एक पटक सिंगा आएर दूध ढुवानी गरी लैजान थालेको छ। रासस

# गाईपालनबाट मनग्य आम्दानी

वालिङ । गल्याङ नगरपालिका-१ मालुङ्गाका ईश्वर बस्यालले व्यावसायिक रुपमा गाईपालन गर्नुभएको छ वर्ष भयो।

छ वर्षअघि 'विन्दवासिनी कृषि तथा पशुपालन फार्म' दर्ता गरी व्यवसाय थाल्नुभएका बस्यालले गाईपालनबाट मनग्य आम्दानी गर्न सफल हुनुभएको हो। सुरुमा रु ५० लाख लगानी गरी व्यवसाय थाल्नुभएका बस्यालले फार्मलाई विस्तार गर्दै लैजानुभएको छ। उहाँले सुरुमा रु ५० लाखको लगानीमा केही संरचनासहित गाई र भैंसी गरी २० वटाबाट थाल्नुभएको व्यवसायलाई बर्सेनि विस्तार गर्दै लैजानुभएको हो । "भैंसी र होलिस्टिन गरी २० वटा गाईभैंसीपालनबाट थालेको व्यवसाय बर्सेनि विस्तार गर्दै लगेको छु", उहाँले भन्नुभयो, "हालसम्म आइपुग्दा फार्ममा ४४ गाईभैंसी छन् भने झण्डै रु डेढ करोड लगानी भएको छ।"

फार्मबाट भएको आम्दानीलाई बर्सेनि लगानी गर्दै गइरहेकाले अझै केही वर्ष लगानीलाई निरन्तरता दिने उहाँले बताउनुभयो। अहिले गाईभैंसीमध्ये २७ वटा दुहुना छन् भने बाँकी ब्याउने छन् । आफ्नै जग्गामा फार्म सञ्चालन गर्नुभएका बस्यालले झण्डै १००



रोपनी जमिन भाडामा लिएर गाईभैंसीका लागि आवश्यक पर्ने नेपियर, जै, वर्सिमलगायतका घाँस लगाउनुभएको छ।

"फार्मबाट अहिले दैनिक २५० देखि ३०० लिटर दूध बिक्री हुने गरेको छ", उहाँले भन्नुभयो, "फामबाट प्रतिलिटर रु ६५ देखि ७० का दरले दूध बिक्री भइरहेको छ।" बस्यालको फार्ममा उत्पादित दूध गल्याङस्थित साना किसान कृषि सहकारी संस्थामा बिक्री गर्दै आउनुभएको छ । फामबाट बिक्री भएको दूधमा प्रतिलिटर गल्याङ नगरपालिकाले रु १५ थप अनुदान उपलब्ध गराउने भएकाले पनि सहजरुपमा मूल्य प्राप्त भएको उहाँले बताउनुभयो।

"यहाँ जति मात्रामा दूध उत्पादन गरे पनि बजारको कुनै समस्या छैन", उहाँले भन्नुभयो, "उत्पादित दूध सहकारीमार्फत बिक्री हुने गरेको छ, त्यसबाट रु १५ का दरले प्रतिलिटर अनुदानले थप प्रोत्साहन पुगेको छ।" फार्ममा हाल आठ जनाले प्रत्यक्ष रोजगारीसमेत पाएका छन् । फार्मलाई थप व्यवस्थित गर्दै गाईभैंसी थप गर्ने र संरचना विस्तार गर्दै लैजाने योजनामा उहाँ हुनुहुन्छ।

"केही समय वैदेशिक रोजगारीपछि स्वदेश फर्केपछि बजार राम्रो देखेर पशुपालन व्यवसाय थालेको हुँ", उहाँले भन्नुभयो, "काम गर्दै जाँदा सिकाइ हुँदै गएको छ, अनुभव सँगाल्दै गएको छु, व्यवसाय राम्रै छ।" फार्मसम्म विद्युत्को तार आए पनि आवश्यक मात्रामा पावर नआएकाले हातैबाट दुहुनुपरेको उहाँले बताउनुभयो।रासस

## गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बिरेन्द्रबजार, धनुषा
### मधेश प्रदेश, नेपाल

## सार्वजनिक सुनवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम प्रकाशित मितिः २०८२/०६/२३ गते

मधेश प्रदेश, धनुषा जिल्ला गणेशमान चारनाथ नगरपालिका तथा कर्जन्हा नगरपालिकाको संयुक्त अधिकार क्षेत्र पर्ने कमला नदीको तोकिएको क्षेत्र (Cordinate :- 26°52'4.33" N To 86°08'34.41"E) र (Cordinate 26°50'26.63"N to 86°08'49.37"E) बाट ढुङ्गा, गिटी तथा वालुवा संकलन/उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनवाई कार्यक्रम।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गणेशमान चारनाथ नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय, बिरेन्द्रबजार, धनुषा, मधेश प्रदेश<br>Email:- ganeshmancharnath@gmail.com<br>कर्जन्हा नगरपालिका<br>नगरकार्यपालिकाको कार्यालय, कर्जन्हा, सिरहा, मधेश प्रदेश<br>Email:- karjanhamun@gmail.com | |
| प्रस्तावको व्यहोरा | कमला नदीको बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदिजन्य पदार्थ)उत्खनन तथा संकलन् गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन | |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./वडा | धनुषा जिल्ला गणेशमान चारनाथ नगरपालिका वडा नं ८ र ९<br>सिरहा जिल्ला कर्जन्हा नगरपालिका वडा नं. १,२,३,५,६ र ७ | |
| सार्वजनिक सुनवाई हुने स्थान र मिति | स्थानः | मिति : |
| | गणेशमान चारनाथ नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय,<br>बिरेन्द्रबजार, धनुषा | २०८२/०७/०२<br>बिहान ११:०० बजे |
| | कर्जन्हा नगरपालिका<br>वडा कार्यालय वडा नं. ३, बन्दिपुर | २०८२/०७/०२<br>बिहान ७:३० बजे |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्वन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न गणेशमान चारनाथ नगरपालिका वडा नं ७,८ र ९ तथा कर्जन्हा नगरपालिकाको वडा नं. १,२,३,४,६,७,८,९ र १० को कार्यालय तथा विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ती वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गणेशमान चारनाथ नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय, बिरेन्द्रबजार, धनुषा, मधेश प्रदेश<br>Email:- ganeshmancharnath@gmail.com<br>कर्जन्हा नगरपालिका<br>नगरकार्यपालिकाको कार्यालय, कर्जन्हा, सिरहा, मधेश प्रदेश<br>Email:- karjanhamun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ए.वाई ईन्जिनीयरीङ कन्सल्टेन्स प्रा.ली.<br>जनकपुर-१३, धनुषा |

प्रमुख प्रशासकीय अधिकृत

# वडाध्यक्ष दासलाई पक्राउ गरेको विरोधमा बजार बन्द



**बखतियार अलि**

मलंगवा। सर्लाहीको गोडैता नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष विनेश कुमार दासलाई प्रहरीले पक्राउ गरेपछि गोडैता नगरपालिका बुधवार बिहान देखि स्थानीयहरुले प्रहरी विरुद्ध चर्को नारावाजी गर्दै बजार पूर्ण रुपमा बन्द गरेका छन्।

वडाध्यक्ष दासलाई हिरासत मुक्त गर्न माग गर्दै उनका समर्थकहरुले बजार बन्द गराउँदै प्रदर्शन गरेका छन्। वडाध्यक्ष दासले प्रहरी चौकीमा आक्रमण र प्रहरी माथि कुटपिट गरेको भन्दै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका नायब उपरिक्षक सरोज राईले जानकारी दिए।

सर्लाहीको बागमती नगरपालिका कर्मैयाबाट वडाध्यक्ष दासलाई पक्राउ गरिएको सर्लाही प्रहरीका सूचना अधिकारी नायब उपरिक्षक राईले जनाएको छ। वडाध्यक्ष दासले स्थानीयहरुलाई उचालेर असोज १७ गते शुक्रवार गोडैता प्रहरी चौकी माथि ढुंगामुढा गरेको प्रहरीको आरोप छ। प्रहरी चौकी माथि ढुंगामुढा हुदा प्रहरी चौकी गोडैताका इन्चार्ज एवं प्रहरी नायब निरीक्षक (सइ) अवधेश प्रसाद यादवको अगाडिको दुईवटा दाँत भाँचिएको थियो त्यस्तै प्रहरी चौकीमा कार्यरत अन्य ५ जना प्रहरी जवान घाइते भएका हुन्।

सोही घटनाको विषयलाई लिएर वडाध्यक्ष विनेश कुमार दास माथि कुटपीट, अंगभंग, ज्यान मार्ने उद्योग तथा आपराधिक उपद्रो कसुरमा मुदा दर्ता गरि कारबाही अगाडि बढाएको प्रहरीको भनाइ छ। गोडैता नगरपालिका वडा नम्बर ७ का स्थानीयहरुले वडाध्यक्ष दास माथि प्रहरीले निराधार र गलत आरोप लगाउदै पक्राउ गरेको बताएको छ। दुर्गा पूजाको चन्दा उठाउने विषयमा ठेकेदार अनिल राय यादवसंग पूजा समितिका युवाहरुको विवाद भएको थियो।

सोही विवादलाई लिएर गएको शुक्रवार प्रहरी चौकी गोडैतामा ठेकेदार र पुजा समितिका युवाहरुलाई राखेर पंचायती भएको बेला केही युवाहरुले एक्कासी ढुगांमुडा गरेको थियो। ढुंगामुढा भईरहेको खबर पाएपछि विवाद मिलाउन गएका वडाअध्यक्ष दासलाई प्रहरीले मुख्य आरोपित बनाएर भ्ुठा मुदा लगाई पक्राउ गरेको संविधान सभासदस्य शिवपुजन रायले बताए। विवाद मिलाउन भनेर ढुंगामुढा भइसकेपछि प्रहरी चौकी पुगेका वडाअध्यक्ष दास माथि प्रहरीले गलत आरोप लगाएर मुदा दर्ता गरेर पक्राउ गर्नु सरासर गलत रहेको संविधान सभासदस्य रायको भनाई छ। पुर्व गाविस अध्यक्ष रामपुकार यादवका भनाइ अनुसार वडाध्यक्ष दास निर्दोष हो। घटनाका वास्तविक दोषीलाई छानबिन गरि प्रहरीले कारवाही गर्नुपर्छ।

निर्दोष वडाअध्यक्ष दासलाई पक्राउ गरेपछि स्थानीयहरुले गोडैता नगरपालिका बन्द गरेको पुर्व गाविस अध्यक्ष यादवको भनाई छ। पूजा समितिका कारिल यादवलाई कुटपीट गरेको भन्दै ठेकेदार अनिल राय यादवलाई प्रहरीले पहिलानै नियन्त्रण लिईसकेको बताए।

स्थानीयहरुको भनाई अनुसार 'दुई पक्षबीचको विवाद मिलाउन वडाध्यक्ष चौकीमा पुगेका थिए। 'यसमा वडाध्यक्षको संलग्नता नै छैन, राजनीतिक पूर्वाग्रह राखेर पक्राउ गरिएको छ, प्रहरीले दोषी पहिचान गरेर कारवाही गरोस् तर निर्दोष जनप्रतिनिधिलाई यसरी पक्राउ गर्नु उचित नभएको बताएका छन्।

स्थानीयले बजार बन्द गरेर वडाध्यक्षको तत्काल रिहाइको माग गरेका छन्। प्रहरीले घटनाको निष्पक्ष छानबिन गरी वास्तविक दोषी पहिचान कारवाही गर्नुपर्छ। वडाध्यक्ष दासलाई तुरुन्तै रिहा गर्नुपर्ने माग राखेर स्थानीयहरुले बिहानै देखि पदर्शन र बजार बन्द गरेको छ।

## हरि खेतान क्याम्पसमा शिक्षा संकट :

# विद्यार्थी सडकमा, शिक्षक–कर्मचारी तालाबन्दीमा

**अनिल तिवारी**

वीरगञ्ज। पर्साको सदरमुकाम वीरगञ्जमा नामचलेको शैक्षिक संस्थाको रुपमा रहेको हरि खेतान बहुमुखी क्याम्पस अवस्था लथालिङ हुँदै गएको छ। क्याम्पस संचालक समिति, क्याम्पस प्रमुख र शिक्षक तथा कर्मचारीहरुको त्रिकोणात्मक स्वार्थले गर्दा क्यम्पसको अवस्था खराब भएको विद्यार्थीहरुको आरोप रहेको छ। क्याम्पसको अध्ययन अध्यापन एक्कासी ठप्प बनेपछि विद्यार्थीहरु आन्दोलन गर्न बाध्य भएका छन्। कक्षा सञ्चालन नहुँदा आक्रोशित विद्यार्थीले बुधबार बिहान क्याम्पसको मुख्य गेट अगाडि सडकमा धर्ना दिदै प्रशासनविरुद्ध चर्को नाराबाजी गरेका छन्।



प्लस २ देखि स्नातक तहसम्मका विद्यार्थीले "पढाइ चाहियो, राजनीति होइन" भन्ने नारा लगाउँदै केही समयको लागी सडम समेत अवरुद्ध पारेका थिए। उनीहरूका अनुसार, क्याम्पस प्रमुख, शिक्षक-कर्मचारी र व्यवस्थापन समितिबीचको लामो विवादका कारण साउन महिना देखि नियमित पठन पाठन हुन सकेको छैन।

"मंगलबार मात्रै संचालनमा आएको क्याम्पस पुन बन्द हुनाले आफुहरु बिच्चलीमा परेको बिद्यार्थीहरुले आक्रोस व्यक्त गरे। हिजो मात्र खुल्यो आज फेरि बन्द भएपछि हामी आन्दोलनमा उत्रन बाध्य भयौं," स्नातक तहका विद्यार्थी मनोज कुमार यादवले बताउदै भने, वार्षिक शैक्षिक क्यालेन्डर नै कार्यान्वयन भएको छैन, हाम्रो भविष्यसँग खेलबाड भइरहेको छ।

मंगलबार देखि शिक्षक र कर्मचारी क्याम्पस प्रशासनविरुद्ध तालाबन्दी गर्दै अनिश्चितकालीन आन्दोलन सुरु गरेका छन्। उनीहरूले क्याम्पस प्रमुख किशोरी राय यादवले मनोमानी, गैरजिम्मेवार व्यवहार गर्दै कर्मचारीको हक-हितको कुरालाई बेवास्ता गरेको आरोप लगाएका छन्।

कर्मचारी युनियनका अध्यक्ष विनोद यादवले माग सम्बोधनका लागि असोज २० गतेसम्मको अल्टिमेटम दिए पनि क्याम्पस प्रमुखले बेवास्ता गरेपछि आफुहरु तालाबन्दी गर्न बाध्य भएको बताए। "हाम्रो संघर्ष व्यवस्थापनको परिवर्तन होइन, सुधारका लागि हो, तर प्रमुख यादवले बारम्बार हठी व्यवहार देखाएकोले यो अवस्था उत्पन्न भएको हो," यादवले भने।

क्याम्पस प्रमुख किशोरी राय यादवले कर्मचारीको आरोप निराधार रहेको बताउदै क्याम्पस व्यवस्थापन समितिले आफुलाई असहयोग गरेको गुनासो व्यक्त गरे।

"मे नियुक्त भएदेखि नै आर्थिक-प्रशासनिक नियमावली बनाउन खोजेँ, तर समितिले सहयोग गरेन, उल्टै नियम विपरीत निर्णयहरू गर्न खोज्छ," प्रमुख यादवले सुनाए।

यादवका अनुसार, समितिले अवकाशप्राप्त व्यक्तिलाई हरि खेतानमा उपप्रधानाध्यापक नियुक्त गरेर नियम उल्लङ्घन गरेको छ। "कर्मचारीको तलब वृद्धि निर्णयसमेत समितिले बैठकबिना गऱ्यो। यस्तो अवस्थामा कसरी सुचारु ढङ्गले काम गर्न सकिन्छ?" उनले प्रश्न गरे।

आन्दोलन स्थलमा पुगेको पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले विद्यार्थीहरूसँग प्रत्यक्ष संवाद गरेपछि आन्दोलन रोकिएको छ। प्रमुख जिल्ला अधिकारी सुवेदीले विद्यार्थीहरुसग सम्वाद गर्दै समस्या समाधानका लागि क्याम्पस प्रशासन, शिक्षक-कर्मचारी र व्यवस्थापन समितिबीच नियमित छलफल भइरहेको जानकारी बताए। "दुई दिनभित्र सहमति गराई आइतबार देखि कक्षा सुचारु गराउने प्रयास भइरहेको छ," सिडिओ सुवेदीले बताए।

हरि खेतान बहुमुखी क्याम्पस वीरगञ्जको सबैभन्दा ठूलो शैक्षिक संस्था हो, जहाँ कक्षा ११, १२, स्नातक, स्नातकोत्तर तहदेखि सम्बन्धित विद्यालयमा माध्यमिक तहसम्म पढाइ हुन्छ। तर पछिल्ला विवादले पाँच हजारभन्दा बढी विद्यार्थीको अध्ययन संकटमा परेको छ।

शिक्षक, कर्मचारी, व्यवस्थापन समिति र क्याम्पस प्रमुखबीचको अविश्वास र राजनीतिक हस्तक्षेपले शैक्षिक वातावरण दिनानुदिन बिग्रँदै गएको छ। विद्यार्थी र अभिभावक दुवै चिन्तित छन्।

स्थानीय शिक्षाविद्हरूले चेतावनी दिएका छन्, "यदि तुरुन्तै सहमति र सुधार नआए, यो क्याम्पसको शैक्षिक प्रतिष्ठा नै धराशायी बन्ने खतरा छ।"

# ब्राउन सुगरसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। ब्राउन सुगर (खैरो हिरोइन) सहित दुई जनालाई धनुषास्थित पूर्व-पश्चिम राजमार्गबाट प्रहरीले पक्राउ गरेको जनाएको छ।

पक्राउ पर्नेहरूमा सिराहाको मिर्चैया नगरपालिका-७ का २४ वर्षीय निरजन यादव र सप्तरीको राजविराज नगरपालिका-९ का ३१ वर्षीय रोहन कुमार सिंह रहेको इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक जटाशंकर यादवले जानकारी दिए।



धनुषा प्रहरी निरीक्षक यादवले धनुषाको गणेशमान चारनाथ नगरपालिका-७, पोर्ताहा स्थित पूर्व-पश्चिम राजमार्गमा खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा चेक प्वाइन्ट खडा गरी जाँच गर्ने क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको बताए।

पक्राउ परेका यादव र सिंह बा.प्र.०३-००३ प २०८७ नम्बरको मोटरसाइकलमा पूर्वबाट पश्चिमतर्फ आइरहेका थिए। उनीहरूको साथबाट ब्राउन सुगर बरामद भएको र दुवैलाई लागूऔषध नियन्त्रण ऐन अन्तर्गत थप अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ।

# रातो नदीले तटबन्ध भत्काउँदा करोडौँको क्षति



**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको रातु नदीको हालैको बाढीले तटबन्ध भत्काउँदा १५ करोड बराबरको क्षति भएको छ। नदीका दुवै किनारमा बनाइएका एक हजार ६१० मिटर तटबन्धमा क्षति हुँदा उक्त रकम बराबरको हानी भएको हो।

करिब १५ करोड बराबरको तटबन्ध बगाएको जनकपुरस्थित सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका इञ्जिनियर सुरेश मण्डलले जनाए अनुसार रातु नदीले बञ्चौरीको दुई स्थानमा ७० र ८० मिटर, लोहारपट्टीको दुवैतर्फ तीन सय मिटर डाम्हीमा १५० मिटर तटबन्ध भत्काएको छ।

नदीले तटबन्ध भत्काएपछि जिल्ला सदरमुकाम जलमग्न भएको थियो। बाढीबाट जलेश्वरका एक हजार ५०० परिवार विस्थापित भएका छन् भने जिल्लाको एकडारा, महोत्तरी गाउँपालिका, पिपरा गाउँपालिका, मटिहानी नगरपालिका, बलवा नगरपालिकासहित १० नगरपालिका र पाँच गाउँपालिकाका बासिन्दा प्रभावित भएका छन्।

# निजामती कर्मचारीमाथि दुर्व्यवहार, यूनियनद्वारा कडा आपत्ति

**टुडे समाचारदाता**

रौतहट। रौतहट जिल्लास्थित नेपाल निजामती कर्मचारी यूनियन जिल्ला कार्य समितिले पर्यटन, पूर्वाधार, वन तथा भू-संरक्षण कार्यालय रौतहटका लेखापाल सुदिप गौतममाथि गरिएको दुर्व्यवहारप्रति कडा आपत्ति जनाएको छ।



यूनियनले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा गत १९ गते सोमबार राति लेखापाल गौतममाथि गालीगलौज, दुर्व्यवहार तथा हातपात गरिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

विज्ञप्तिमा भनिएको छ, "कर्मचारीबाट गल्ती भए कानुनी प्रक्रिया अपनाई कारबाही गर्नुपर्छ। तर कानुनी बाटो छोडेर राष्ट्रसेवक कर्मचारीमाथि शारीरिक तथा मानसिक दुर्व्यवहार गर्नु अत्यन्तै दुखद र आपत्तिजनक छ। यस घृणित कार्यको यूनियन घोर निन्दा र भर्त्सना गर्दछ।"

यूनियनले यस्ता आपराधिक गतिविधि रोकथामका लागि कानुनी हातमा लिने जोकोहीलाई तत्काल कानुनी दायराभित्र ल्याई कडा कारबाही गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ। साथै कार्यालयभित्र भयमुक्त र शान्तिपूर्ण वातावरण कायम गरी राष्ट्रसेवक कर्मचारीहरूले निर्भयतापूर्वक आफ्नो कार्य सम्पादन गर्न सक्ने वातावरण निर्माण गर्न पनि जोड दिएको छ।

यूनियनका अध्यक्ष ईशराजुल खाँले विज्ञप्तिमा सबै सरोकारवालालाई शान्तिपूर्ण र सुरक्षित कार्य वातावरण सुनिश्चित गर्न आग्रह गरे।

# मतदाता नामावली संकलन गरिँदै

**टुडे समाचारदाता**

जनकपुरधाम। जेन- जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन गरिएसंगै सरकारले प्रतिनिधि सभाको नयाँ निर्वाचनका लागि मिति घोषणा गरेपछि मतदाता नामावलीमा सर्वसाधारणहरु आफ्नो नाम समावेश गराउन निर्वाचन कार्यालयमा धाउन थालेका छन्।

निर्वाचनको मिति घोषणा लगतै निर्वाचन आयोगले नयाँ मतदाताको नामावली संकलनका लागि आह्वान गरेपछि अहिले जिल्ला तथा प्रदेश निर्वाचन कार्यालयमा फारम भर्ने तथा फोटो खिचाउने, नयाँ मतदाता नामावलीमा नाम समावेश गराउनेको भिड बढेको छ।

सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभाका लागि निर्वाचनको मिति तोकेर निर्वाचन सम्बन्धि गतिविधि बढाएपछि अहिले निर्वाचनमा मतदान गर्नका लागि विवरण दिने तथा फोटो खिचाउनेहरूको भिड बढेको मधेश प्रदेशको निर्वाचन कार्यालय जनकपुरधामले जनाएको छ।



१६ वर्ष पुरा भइ नेपाली नागरिकता प्राप्त गरेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम समावेश गर्नका लागि फोटो सहितको विवरण नेपालको जुनसुकै निर्वाचन कार्यालयमा पुगेर भर्न दिन मिल्ने भएकाले मधेश प्रदेश कार्यालय जनकपुरधाममा भिड बढेको सो कार्यालयका कम्प्युटर अधिकृत कृष्णचन्द्र राउतले जानकारी दिए।

आगामी निर्वाचनमा मतदान गर्नका लागि २०८२ साल फागुन २० गतेसम्ममा १८ वर्ष पूरा भएको हुनुपर्ने संवैधानिक व्यवस्था रहेको जनाएको छ। जेन- जी पुस्ताको आन्दोलनपछि फागुन २१ गते हुनलागेको प्रतिनिधि सभाको निर्वाचनमा भाग लिनका लागि युवा पङ्क्तिहरू बढी अग्रसर देखिएका छन्।

निर्वाचन आयोग जनकपुरधामस्थित मधेश प्रदेश कार्यालयमा दैनिक रुपमा २ सय भन्दा बढी व्यक्ति फोटो खिच्न आउन थालेको सो कार्यालयले जनाएको छ। विजया दशमीको विदापछि कार्यालय खुलेको पहिलो दिनमा नै ८५ जनाले फोटो खिचाएका छन् भने अर्को दिनदेखि संख्या बढ्न थालेको छ। हिजो मात्र २ सय भन्दा बढीले फोटो खिचाएका छन्। अनलाइनबाट आफै विवरण भरेर फोटो खिचाउन मिल्ने पनि कार्यालयले जनाएको छ।

मतदाता नामावली संकलनका लागि दुई ठाउँबाट फोटो खिच्ने कार्य भइरहेको कार्यालयले जनाएको छ।

# भत्केको हुलाकी सडकमा डाईभर्सन निर्माण भएपछि कौडेनाका स्थानीयवासी खुसी

**टुडे समाचारदाता**

मलंगवा। असोज १७ र १८ गते भएको अबिरल वर्षाबाट आएको बाढीले कौडेना गाउँपालिका- ३ स्थित ६० मिटर हुलाकी सडक भत्किएपछि आवत-जावत गर्न स्थानीयहरुलाई ठूलो समस्या भएको थियो। कौडेना गाँउपालिकाका अध्यक्ष रुपेश यादव (बब्लु) को पहलमा बाढीले बगाएको सडकमा डाईभर्सन निर्माण भएपछि स्थानीयहरुलाई आउजाउ गर्न सजिलो भएको छ।



गाउँपालिका अध्यक्ष यादवले १२ फिट गहिरो खाल्डोलाई पूर्ण र जमेको हिलोलाई हटाउन समय लागेकाले स्थानीयहरु समस्या भोग्न बाध्य भएको भएका थिए। २ दिनको प्रयासले कच्ची सडक बनाउन सफल भएको अध्यक्ष यादवले बताए। पहिलाकै जस्तो पक्की सडक निर्माण गर्न केहि समय लाग्ने उनको भनाइ छ। बाढीबाट कौडेनावासीहरुको भएको क्षेतिको समेत लगत संकलन गरेर पिडितलाई उचित क्षेतिपुर्ती दिने समेत निर्णय भएको वहाले बताए। बाढीले बगाएर बनेको १२ फिट गहिरो खाडलमा पानी भरिएपछि पैदलयात्रु र सवारी आवतजावत ठप्प भएको थियो। गा.पा. अध्यक्ष यादवको पहलमा सडक निर्माण भएपछि स्थानीयहरुलाई सहज भएपछि आम जनता खुसि भएका छन। नया बनेको सडकबाट स्थानीय जनतालाई ओहरदोहर गर्न कुनै समस्या नहोस भन्दै गा.पा. अध्यक्ष यादव आफै सडकमा उभेर यात्रीहरुलाई सडक पार गराएको देखेर स्थानीयहरु उत्साहित हुदै अध्यक्ष यादवलाई धन्यवाद समेत व्यक्त गरेको छ। बाँस र काठको सहायताले अस्थायी लच्का बनाएर छेउबाट बालुवा माटो पुरेर कच्ची सडक निर्माण गरिएको छ। बन्द रहेको आवागमन सहज बनाउने प्रयास पालिकाले गरेका छन्।

डाईभर्सन सडक र लच्काबाट मोटरसाइकल, साइकल र पैदलयात्रु ओहरदोहर गर्न थालेको हो। बाढीले सडक भत्किएपछि केहि व्यक्तिहरुले आवागमनका गराईदिने भन्दै पैदलयात्रुबाट १० रुपैयाँ र मोटरसाइकल चालकबाट १ सय रुपैयाँसम्म शुल्क असुलिँदै आएको थियो।

गा.पा. अध्यक्ष यादवलाई स्थानीयहरुले यो कुराको जानकारी गराएपछि तुरुन्तै शुल्क लिने कार्य रोक्नु भएको थियो। गाउँपालिका अध्यक्ष यादवले जिल्ला प्रशासन र हुलाकी सडक आयोजनासँग मर्मतबारे समन्वय गरि सडक बनाउन पहल गरेका थिए। सडक बनेपछि धेरै हद सम्म स्थानीयहरुको समस्या समाधान भएको देखिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८